# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः ६५** **मितिः २०८२।०३।२९**

**भाग — २**

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना २०८१-२०९१

कार्यपालिकामा पेश मितिः२०८१।१२।२४
कार्यपालिकाबाट पारित मितिः२०८१।१२।२४
प्रमाणिकरण मितिः२०८१।१२।२४
राजपत्रमा प्रकाशित मितिः२०८२।०३।२९

**प्रकाशक**
नौगाड गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
होपरीगाड, दार्चुला
**ईमेलः info@naugadmun.gov.np**
**naugaad@gmail.com**
**doenaugad@gmail.com**
वेवसाईडः https://naugadmun.gov.np

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

(नौगाड गाउँपालिकाको लिखित स्वीकृति विना यसको पूरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाँप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन । गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारबाही गरिने छ ।)

**१० वर्षे शिक्षा क्षेत्र योजना निर्माण समितिका पदाधिकारीहरू**


श्री राजेन्द्र सिंह बोहरा : संयोजक
श्री करन सिंह ठगुन्ना : सदस्य
श्री राजीब अवस्थी : सदस्य
श्री लोकेश ठगुन्ना : सदस्य
श्री मन्जु कुमारी धामी : सदस्य
श्री कम्मान राम टमटा : सदस्य
श्री प्रेम राज जोशी : सदस्य सचिव

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# नौगाड गाउँपालिकाको नक्सा






प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

**मन्तव्य**



सुदूरपश्चिम प्रदेश, दार्चुला जिल्लाको उत्तर पूर्व भागमा अवस्थित नौगाड गाउँपालिका साविकका ४ वटा गाउँ विकास समितिहरु इयरकोट, खार, सिप्टि र धुलिगडा मिलेर बनेको छ । दार्चुला सदरमुकाम देखि २८ किलोमिटर टाढा रहेको यस गाउँपालिकाको क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर रहेको छ । यो गाउँपालिका २९°४३' २५" उत्तरी आक्षांश देखि २९°५२'३२" उत्तरी अक्षांश र ८०°३३'३२" पूर्वीदेशान्तर देखि ८०°४४'५९" सम्म फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा अपी हिमाल र मार्मा गा. पा. पश्चिममा महाकाली नगरपालिका र दुहुँ गा.पा. उत्तरमा दुहुँ र ब्याँस गा. पा. र दक्षिणमा शैल्यशिखर नगरपालिका पर्दछन् । ६ वटा वडामा विभाजित यस गाउँपालिकाको कुल जनसङ्ख्या २०७८ को जनगणना अनुसार १५५२८ रहेको छ । यस गाउँपालिकाको बीचबाट बग्ने नौगाड नदीको नामबाट यस गाउँपालिकाको नाम नौगाड नामाकरण गरिएको हो । यस गाउँपालिका दुहुँ गाउँपालिकाको सिमानामा पर्ने सिद्धटोपी वडामा नम्बर एकमा रहेको नागेश्रवर धाम यस क्षेत्रका प्रमुख पर्यटकीय तथा धार्मिक तिर्थस्थल हुन । धार्मिक तथा पर्यटकीय हिसाबले रमणीय स्थल छिपुलथान मन्दिर र सोहि क्षेत्रमा रहेको डाइभरसिटी पार्क यस गाउँपालिकाका आकर्षणका केन्द्र हुन् ।

हालको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरु तोकेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ कार्यान्वयनमा छ, जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्ने उल्लेख छ । त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम् परिचालन गर्नु पर्ने वास्तविकतालाई मध्यनजर गर्दै नौगाड गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा याजेना (२०८१-९१) निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गरी उपलब्ध ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP), तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु । यस गाउँपालिकाको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक पहिचानलाई मनन् गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यक्रम संयोजन गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने युनेसेफ नेपाल र सामुदायिक विकास केन्द्र डोटी र शिक्षा क्षेत्र निर्माण कार्यदल लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

.................................
दलजीत सिंह धामी
गाउँपालिका अध्यक्ष



प्रमुख प्रशासकीय अधिकृत

**आभार**



सुदूरपश्चिम प्रदेश, दार्चुला जिल्ला स्थित नौगाड गाउँपालिका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र प्राकृतिक रुपमा समेत सम्पन्न भएको एक महत्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यस महत्वपूर्ण क्षेत्रको गुणस्तरीय शिक्षामा विकास गरी आजको प्रतिष्पर्धी युग सुहाउँदो शैक्षिक वातावरण तयार

गर्नु आजको आवश्यकता हो । यस आवश्यकतालाई मध्यनजर गरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरु, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय क्षेत्र विकास कार्यक्रम (SSPD), तथा विभिन्न ऐन कानूनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको नौगाड गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८१-२०९१) प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ । यो शैक्षिक योजना नौगाड गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण आधारभूत दस्तावेजको रुपमा रही शिक्षाको विकासमा कोसेढुङ्गा सावित हुनेछ भन्ने विश्वास गरेको छु । समग्र गाउँपालिकाको गुणस्तरीय शिक्षामा पहुँच पुगोस, शिक्षाको अधिकारबाट कोही पनि बञ्चित नहुन र प्रविधिमैत्री, दक्ष जनशक्तिको उत्पादनमा सहयोग पुगोस भन्ने उद्देश्यका साथ हाम्रो गाउँपालिकाले यो योजना निर्माण गरेको हो । गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा तदारुकता देखाउनु हुने अध्यक्षज्यू, विकासका लागि संयोजन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा, युवा तथा खेलकुद शाखा शिक्षा क्षेत्र योजनालाई अद्यावधिक गर्न आर्थिक तथा प्रविधिक सहयोग गर्नुहुने युनिसेफ नेपाल र सामुदायिक विकास केन्द्र डोटी, शिक्षा क्षेत्र योजना निर्माण कार्यदल, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली, प्र.अ., शिक्षक लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, वडाध्यक्षहरू, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुर्याउनु भएको सहयोग प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुमा केही सुधार गर्नुपर्ने भएमा यहाँहरुको रचनात्मक सुझाव सहित यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

......................

जगत सिंह ठगुन्ना

गाउँपालिका उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**कृतज्ञता**



नौगाड गाउँपालिका दार्चुला जिल्लाको एक महत्वपूर्ण गाउँपालिका हो । यहाँ विभिन्न जातजाति, वर्ग समुदाय, पेशा आदिमा समेत विविधता रहेको छ । शैक्षिक क्षेत्रमा पनि यहाँ विविधता रहेको पाईन्छ । यस प्रकारको विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरु, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSDP), नौगाड गाउँपालिकाले बनाएको शिक्षा नियमावली तथा विभिन्न ऐन कानूनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको नौगाड गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८१-२०९१) गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ । यो महत्वपूर्ण दस्तावेज प्रकाशनमा आउन लागेकोमा सबैलाई हार्दिक बधाई दिन चाहन्छु शुभकामना गाउँपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्गको पहँचु स्थापना गरी दक्ष, सकारात्मक सोच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस् भन्ने हेतुले गाउँपालिकाले यो योजना निर्माण गरेको हो । यस क्षेत्रको बहु-पहिचानलाई आत्मसात गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण सहित तयार पारिएको यस योजना निर्माण कार्यमा तदारुकता देखाउनुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू,१० वर्षे शिक्षा क्षेत्र योजना अद्यावधिक गर्न आर्थिक तथा प्रविधिक सहयोग गर्नुहुने युनिसेफ नेपाल र सामुदायिक विकास केन्द्र डोटी, शिक्षा, युवा तथा खेलकुद, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, प्र.अ., शिक्षक लगायतका सम्पूर्ण सरोकारवाला महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुर्‍याउनु भएको सहयोगबाट यो योजना निर्माण सम्भव भएकोले सम्पूर्ण सरोकारवालाहरु प्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वासका साथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

......................
पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत

**हार्दिक आभार**



नौगाड गाउँपालिका दार्चुला जिल्लाको एक महत्वपूर्ण गाउँपालिका हो । यहाँ विभिन्न जातजाति, वर्ग समुदाय, पेशा आदिमा समेत विविधता रहेको छ । शैक्षिक क्षेत्रमा पनि यहाँ विविधता रहेको पाईन्छ । यस प्रकारको विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यामिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरु, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSDP), नौगाड गाउँपालिकाले बनाएको शिक्षा नियमावली तथा विभिन्न ऐन कानूनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको नौगाड गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८१-२०९१) गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ । शिक्षालाई विकासको मेरुदण्ड मानेर उपलब्ध ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दश वर्षीय योजनाहरु, विद्यालय क्षेत्र विकास कार्यक्रम, तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण आधार हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

नौगाड गाउँपालिकाको शैक्षिक आवश्यकतालाई मनन् गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माणमा उत्सुकता देखाउनुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सदस्यज्यूहरु, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, कम्प्युटर अपरेटर, स्रोतव्यक्ति लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, प्र.अ., शिक्षक लगायतका सम्पूर्ण सरोकारवालालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

............................

राजेन्द्र सिंह बोहरा
प्रवक्ता
नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

*****हार्दिक कृतज्ञता*****



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न आवधिक योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा ऐन तथा नियमावलीहरु, विद्यालय क्षेत्र विकास कार्यक्रम, गाउँपालिकाले तयार पारेका विभिन्न ऐन कानून तथा मापदण्डले दिएको अधिकार तथा मर्मलाई पालना गर्दै स्थानीय आवश्यकताहरुको पहिचान गरी त्यसैका आधारमा स्थानीय शिक्षाको विकासका लागि यस नौगाड गाउँपालिका स्तरीय १० वर्षे गाउँ शिक्षा योजना (२०८१-२०९१) तयार पारी लागु गर्ने चरणमा पुगेकोमा मलाई अत्यन्तै खुशी लागेको छ । शिक्षा विकासको मेरुदण्ड हो । कुनैपनि क्षेत्रको विकासका लागि शिक्षाको विकास अपरिहार्य रहेको हुन्छ । त्यस कारण शिक्षा सबैका लागि महत्वपूर्ण क्षेत्र हो । स्थानीय सरोकारवालाहरुको सहभागितामा विषय विज्ञहरुले गाउँपालिकाको हालको शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनका लागि तयार पारिएको रणनैतिक दस्तावेज हो यो शिक्षा योजना, जसले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन गर्दछ । यो महत्वपूर्ण दस्तावेज विद्यालयका प्र.अ., शिक्षक, प्रधानाध्यापक स्थानीय विज्ञ, विषय विज्ञ, जनप्रतिनिधिहरु लगायत सम्पूर्ण सरोकार वालाहरुको निरन्तर प्रयासबाट सम्भव भएको हो । त्यसकारण यस योजना निमार्णका क्रममा आवद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला, विभिन्न तह र तप्काका व्यक्ति तथा शिक्षा क्षेत्र योनालाई अद्यावधिक गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाल र समुदायिक विकास केन्द्र डोटी प्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी शैक्षिक योजनाको मर्मलाई बुझेर योजना बनाउन र लागु गर्न तत्परता देखाउनु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, यस शिक्षा, युवा तथा खेलकुद शाखा सबैलाई हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । साथै विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरु लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो योजनाको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरुको रचनात्मक सुझावको अपेक्षा सहित समग्र गाउँपालिकाको शैक्षिक उन्नयन, बढोत्तरी र यसको सफलतापूर्ण नतिजा सहितको कामना गर्दछु ।

.........................
प्रेम राज जोशी
शाखा प्रमुख
शिक्षा, युवा तथा खेलकुद



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हीपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# विषय सूची

*परिच्छेद - १* ______ *1*

*परिचय* ______ *1*

१.१ बर्तमान अवस्था ______ 1

१.२ मुख्य समस्या तथा चुनौतीको बिश्लेषण ______ 10

*परिच्छेद-२* ______ *14*

*दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण* ______ *14*

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ______ 14

२.२ दूरदृष्टि ______ 14

२.५ रणनितीहरु ______ 15

२.६ कार्यनीतिहरु ______ 16

२.७ अपेक्षित उपलब्धिः ______ 19

२.८ स्थानीय तहको शिक्षा योजनामा रहनु पर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ______ 19

*परिच्छेद ३* ______ *28*

*शिक्षा क्षेत्रका मूख्य उपक्षेत्र* ______ *28*

३.१ प्रारम्भिक बाल विकास र शिक्षा ______ 28

३.२ आधारभूत शिक्षा ______ 30

३.३ माध्यमिक शिक्षा ______ 34

३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा ______ 38

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ______ 41

*परिच्छेद ४* ______ *46*

*अन्तरसम्बन्धित विषय तथा क्षेत्र* ______ *46*

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ______ 46

४.२ शिक्षक व्यवस्थापन र विकास ______ 49

४.३ शैक्षिक समता र समावेशीकरण ______ 53

४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम ______ 57

४.५ विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता ______ 62

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

४.६ विद्यालयको भौतिक पूर्वाधार विकास ____ 65

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ____ 68

*परिच्छेद ५* ____ *73*

*सुशासन तथा व्यवस्थापन* ____ *73*

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ____ 73

*परिच्छेद ६* ____ *79*

*लगानी र स्रोत व्यवस्थापन* ____ *79*

६.१ वर्तमान अवस्था ____ 79

६.४ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य ____ 80

*परिच्छेद ७* ____ *83*

*अनुगमन तथा मुल्याङ्कन* ____ *83*

*अनुसूची १* ____ *86*



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद - १

# परिचय

## १.१ बर्तमान अवस्था

भौगोलिक अवस्थितिको विश्लेषण

नेपालको संविधान बमोजिम राज्य पुनः संरचना भए बमोजिम सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको उत्तरपूर्व भागमा अवस्थित नौगाड गाउँपालिका साविकका ४ वटा गा.वि.स.हरू (ईयरकोट, खार, सिप्टी र धुलिगडा) मिलेर बनेको छ । दार्चुला सदरमुकामबाट करिब २८ कि.मि. टाढा रहेको यस गा.पा.को कूल क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर (वडा न. १ को ६१.४९ वर्ग किलोमिटर, वडा न. २ को २३.७८ वर्ग किलोमिटर वडा न. ३ को १४.२२ वर्ग किलोमिटर, वडा न. ४ को ३०.०७ वर्ग किलोमिटर, वडा न. ५ को ११.७५ वर्ग किलोमिटर र वडा न. ६ को ३८.९६ वर्ग किलोमिटर) रहेको छ यस गा.पा.को पूर्वमा अपिहिमाल गा.पा र मार्मा गा.पा. पश्चिममा नौगाड गाउँपालिका र दुहुँ गा.पा., उत्तरमा व्यास गा.पा., दुहुँ गा.पा. र अपिहिमाल गा.पा. र दक्षिणमा शैल्यशिखर नगरपालिका र मार्मा गा.पा. पर्दछन । ६ वटा वडामा विभाजित यो गाउँपालिका २९ डिग्री ३६ मिनेट उत्तरदेखि ३० डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८० डिग्री २२ मिनेट पूर्वदेखि ८१ डिग्री ०९ मिनेट पूर्वी देशान्तरमा अवस्थित छ । १० प्रतिशत, जंगलले ढाकेको भूभाग ३५ प्रतिशत, औद्योगिक क्षेत्रले ओगटेको २ प्रतिशत र अन्य तथा बाँझो जमिन क्षेत्र १३ प्रतिशत भूभाग रहेको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालको सूदुरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको उत्तरपूर्व भागमा अवस्थित नौगाड गाउँपालिका साविकका ४ वटा गा.वि.स.हरू (ईयरकोट, खार, सिप्टी र धुलिगडा) समायोजन भै बनेको यो गाउँपालिकाको गठन २०७३।११।२५ मा घोषणा गरिएको हो । दार्चुला सदरमुकामबाट करिब २८ कि.मि. टाँढा रहेको यस गा.पा.को क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर रहेको छ । कुल ६ वटा वडामा विभाजित यस नौगाड गा.पा.को घरधुरी २,९७५ जनसख्या १५,५२८ रहेको छ । यस नौगाड गाउँपालिकामा विभिन्न जातजातिहरू रहेका छन् । यहाँ धामी, ठगुन्ना, टमटा, ओड, दमाइ, लुहार, कामी, भुल, जोशी, भट्ट, बम, महता, सितोली, डडाल, मन्याल, जुहारी, कार्की, महर, ठेकरे, आदि थर तथा जातजातिहरू बसोबास गर्दै आएका छन् ।

**जनसाङ्ख्यिकी संरचना विश्लेषण**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल घरधुरी संख्या २,९७५ रहेको छ भने कुल जनसंख्या १५,५२८ रहेको छ, जसमा महिला संख्या ५१.७० प्रतिशत र पुरूषको संख्या ४८.३० प्रतिशत रहेको छ । यसका साथै यस गाउँपालिकामा औसत घरको आकार ५.२२ छ । यस गाउँपालिका ६ वटा वडामा विभक्त भएको छ । कुल जनसंख्याः १५,५२८ रहेको छ भने काम



प्रमुख प्रशासकीय अधिकृत

गर्ने उमेरको जनसंख्या (१५-६४ वर्ष ४९.७५% आश्रित जनसंख्या (१५ वर्षमुनिका बालबालिका र ६५ वर्षभन्दा माथिका वृद्ध) ५०.२५% छ । पूर्ण रूपमा साक्षर व्यक्तिहरू ७२९१ छ, विद्यालय उपस्थिति (५-२५ वर्ष), २,७२१ पुरूष र २,६०६ छन् । यस नौगाड गाउँपालिकाको समष्टिगत र वडागत जनसंख्या विवरण यस प्रकार रहेको छ ।

**तालिका १ समष्टिगत घरसंख्या तथा जनसंख्या विवरण**

| घरधुरी संख्या | कुल जनसंख्या | महिला | पुरूष | औसत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| २,९७५ | १५,५२८ | ८,०३० | ७,४९८ | ५.२२ | ९३.३७ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

**तालिका नं. २ वडागत जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरूष | | |
| १ | ४४६ | २३०६ | १२११ | १०९५ | ५.१७ | ९०.४२ |
| २ | ४७५ | २५६३ | १३३२ | १२३१ | ५.४० | ९२.४२ |
| ३ | ४५६ | २२३२ | ११४१ | १०९१ | ४.८९ | ९५.६२ |
| ४ | ६२८ | ३१९७ | १७१७ | १४८० | ५.०९ | ८६.२० |
| ५ | ३२४ | १६४२ | ८४७ | ७९५ | ५.०७ | ९३.८६ |
| ६ | ६४६ | ३५८८ | १७८२ | १८०६ | ५.५५ | १०१.३५ |
| **जम्मा** | **२,९७५** | **१५,५२८** | **८०३०** | **७४९८** | **५.२२** | **९३.३७** |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**उमेरगत जनसंख्या विवरण**

नौगाड गाउँपालिकाको कुल जनसंख्या १५,५२८ मा प्रारम्भिक बाल विकास देखी विद्यालय उमेर समुहको जनसंख्या ५४७८ रहेको छ । जुन कूल जनसङ्ख्याको ४० प्रतिशत देखिन्छ । यसै गरि १५ देखी ५९ बर्ष समुहको जनसंख्या १०,०५० अर्थात ६४.७३ प्रतिशत रहेको छ । उमेरगत जनसंङ्ख्याको विस्तृत बिवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३ उमेरगत जनसंख्या विवरण**

| उमेर समूह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| ००-०४ वर्ष | ७५१ | ६७६ | १४२७ |
| ०५-०९ वर्ष | ८९७ | ८७५ | १७७२ |
| १०-१४ वर्ष | ११२५ | ११५४ | २२७९ |
| १५-१९ वर्ष | ८१६ | ९८५ | १८०१ |
| २०-२४ वर्ष | ६२७ | ७६९ | १३९६ |
| २५-२९ वर्ष | ५१८ | ६०५ | ११२३ |
| ३०-३४ वर्ष | ४१९ | ५०५ | ९२४ |
| ३५-३९ वर्ष | ४२१ | ५१४ | ९३५ |
| ४०-४४ वर्ष | ३५९ | ३८८ | ७४७ |
| ४५-४९ वर्ष | ३०८ | ३१० | ६१८ |



प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ५०-५४ वर्ष | ३०७ | ३७८ | ६८५ |
| ५५-५९ वर्ष | ३०७ | २६६ | ५७३ |
| ६०-६४ वर्ष | २२१ | १९३ | ४१४ |
| ६५-६९ वर्ष | १७९ | १७३ | ३५२ |
| ७०-७४ वर्ष | १३२ | १४१ | २७३ |
| ७५-७९ वर्ष | ७६ | ६४ | १४० |
| ८०-८४ वर्ष | २२ | १८ | ४० |
| ८५-८९ वर्ष | ९ | ९ | १८ |
| ९०-९४ वर्ष | १ | २ | ३ |
| ९५+ वर्ष | ३ | ५ | ८ |
| **जम्मा** | ७८०२ | ८०३० | १५५२८ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

**सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण**

**जातिगत जनसंख्या विवरण**

नौगाड गाउँपालिका मा जिल्ला सदरमुकाम समेत रहेका कारण यस गाउँपालिकाको जनसङ्ख्यामा विविधता देखिन्छ । जातिगत जनसङ्ख्यामा समग्रमा क्षेत्रीहरूको जनसङ्ख्या तुलनात्मक रूपमा बढी देखिएको छ । जातिगत जनसङ्ख्यामा ८६.९४ प्रतिशत क्षेत्री, ०.२३ प्रतिशत ब्राह्मण, दलित १२.०२ प्रतिशत बसोवास पनि रहेको छ । जातिगत जनसङ्ख्याको विस्तृत बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ जात/जातिगत विवरण**

| क्र. सं. | जाति | पुरूष | महिला | जम्मा | प्रतिशत % |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ६५१७ | ६९८३ | १३५०० | ८६.९४ |
| २ | ब्राह्मण | २२ | १३ | ३५ | ०.२३ |
| ३ | विश्वकर्मा | ७३० | ७९९ | १५२९ | ९.८५ |
| ४ | परिवार | १६० | १७७ | ३३७ | २.१७ |
| ५ | ठकुरी | २४ | १८ | ४२ | ०.२७ |
| ६ | मिजार | ३१ | ३२ | ६३ | ०.४१ |
| ७ | अन्य | १४ | ८ | २२ | ०.१४ |
| **जम्मा** | | ७४९८ | ८०३० | १५५२८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

**भाषिक विवरण**

यस नौगाड गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरूमा जनगणना २०७८ अनुसार नेपाली भाषीहरूको संख्या बढी देखिन्छ । यस गाउँपालिकामा भाषिक विविधता त्यति रहेको छैन । सरकारी कामकाजमा नेपाली भाषाको प्रयोग गरिए पनि बोलीचालीमा स्थानीय डोटेली अर्थात दार्चुलेली भाषाको प्रयोग बढी भएको पाइन्छ । यस पालिकामा आफ्नै अलग्गै भाषिक पहिचान भएको कुनै समुदाय भने देखिदैन । भाषागत जनसङ्ख्या विवरण तलको तालिकामा दिइएको छ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना

**तालिका नं. ४ मातृभाषा जनसंख्याको विवरण**

| क्र. सं. | मातृभाषा | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ३५६६ | ३२०९ | ६७७५ | ४३.६३ |
| २ | डोटेली | १२३० | १३४३ | २५७३ | १६.५७ |
| ३ | आबादी | ५ | ९ | १४ | ०.०९ |
| ४ | दार्चुलेली | २६८५ | ३४५१ | ६१३६ | ३९.५२ |
| ५ | खस | ५ | ५ | १० | ०.०६ |
| ६ | अन्य | ७ | १३ | २० | ०.१३ |
| **जम्मा** | | **७४९८** | **८०३०** | **१५५२८** | **१००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**तालिका नं. ५ मातृभाषा बाहेक दोस्रो भाषी जनसंख्या विवरण**

| क्र. सं. | दोस्रो भाषाका रूपमा बोलिने भाषा | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | दोस्रो भाषा नभएका | ३८४३ | ३५३२ | ७३७५ | ४७.४९ |
| २ | नेपाली | ३२२१ | ४०३१ | ७२५२ | ४६.७० |
| ३ | डोटेली | १३ | १७ | ३० | ०.१९ |
| ४ | उर्दु | ६ | ६ | १२ | ०.०८ |
| ६ | अवधि | ११ | १२ | २३ | ०.१५ |
| ७ | दार्चुलेली | ३८९ | ४१७ | ८०६ | ५.१९ |
| ८ | अन्य | १५ | १५ | ३० | ०.१९ |
| **जम्मा** | | **७४९८** | **८०३०** | **१५५२८** | **१००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**धार्मिक विवरण**

यस गाउँपालिका मा हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । कुल जनसङ्ख्यामा ९९.४२ प्रतिशत हिन्दु धर्मावलम्बी रहेका छन भने त्यसका अतिरिक्त बौद्ध, ईस्लाम तथा ईसाइ धर्मावलम्बीहरूको संङख्या पनि रहेको छ । विभिन्न धर्मावलम्बीको बिवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ६ धर्म अनुसार जनसङख्या विवरण**

| क्र. सं. | अपनाइएको धर्म | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | ७४८९ | ८०२३ | १५५१२ | ९९.९० |
| २ | बुद्ध | ० | ० | ० | ०.०० |
| ३ | क्रिश्चियन | ९ | ७ | १६ | ०.१० |
| **जम्मा** | | **७४९८** | **८०३०** | **१५५२८** | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*



प्रमुख प्रशासकीय अधिकृत

**आर्थिक अवस्था विवरण**

यस गाउँपालिका भित्र बसोवास गर्ने जनसमुदायको आर्थिक अवस्था सामान्य रहेको छ । जिल्ला सदरमुकामबाट टाढा र स्थानीय बजार पनि ठूलो नहुँदा नौगाड गाउँपालिकाका केही जनसंख्या व्यापार व्यवसायमा संलग्न भए पनि बढी संख्या कृषि पशुपालनमा संलग्न रहेको पाइन्छ । नौगाड गाउँपालिकाको मुख्य आयस्रोत र रोजगारीको क्षेत्र भनेको कृषि नै हो । यसका अवाला स्थानीय उद्यमहरू र वैदेशिक रोजगार मुख्य आय तथा रोजगारीको क्षेत्रहरू हुन् । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा हाल कृषि तथा पशुपालन (९७.८४%), पूर्ण रोजगारी संख्या करिव १ प्रतिशत, वैदेशिक रोजगारीमा रहेको करिब १५ प्रतिशत र सामान्य तथा प्राथमिक क्षेत्रका कामदार ११.४%, र शिल्पकला तथा कालिगडी ४.७६% रहेका छन् ।

**तालिका नं. ७ आर्थिक क्रियाकलाप**

| क. सं. | आर्थिक क्रियाकलाप | संलग्न प्रतिशत |
|---|---|---|
| १ | सरकारी सेवा | ७.५ |
| २ | वित्तीय तथा बैंकिङ्ग क्षेत्र | ०.८ |
| ३ | गैर वित्तीय क्षेत्र | २८.० |
| ४ | सेवामूलक क्षेत्र | ०.३ |
| ५ | घरायसी कामकाज | ६३.३ |
| **कूल जम्मा** | | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**सडक यातायात तथा सञ्चार**

यस गाउँपालिका को पालिका कार्यालय केन्द्र रहेको स्थान सम्म स्तरीय सडकको पहुँच रहेको छ । पालिका प्रदेश गौरवको सडक राजमार्गको सडकसँग वडा नं. ६, ५ र ३ का वडाहरूका केन्द्र हुँदै गएको छ । सबै वडाहरूमा कच्ची सडकको विस्तार गरिएको छ । प्राय जसो विद्यालयहरूमा कच्ची तथा पक्की सडकको पहुँच पुगेको छ । सञ्चार सुविधामा मोबाइल सेवाको पहुँच गाउँपालिका को सबै वडाहरूमा पुगेको छ । सबै वडा कार्यालयमा अप्टिकल फाइबर इन्टरनेट सेवा पुगेको छ भने ७ वटा माध्यमिक विद्यालय मध्ये ६ वटा माद्यमिक विद्यालय र केही आधारभूत तहका विद्यालय सम्ममा तीव्र गति इन्टरनेट सेवा (Optical Fiber Internet) पहुँच पुगेको छ । यातायात क्षेत्रको विकास समीक्षा गर्दा यस गाउँपालिकामा को सुखेखोला देखि चिउरीवगर सम्म कालोपत्रे सडक छ । नौगाड गाउँपालिकाको केन्द्र होपरिगाड जोड्ने सडक पिच गर्ने काम भैरहेको छ । यो सडकको काम सम्पन्न हुँदा यस गाउँपालिकामा करिब १५ कि.मि. कालोपत्रे सडक बन्ने छ । यसका अलावा प्रायः सबै वडाको केन्द्रमा धुले सडक सञ्जालले जोडिएको छ । यस गाउँपालिकामा यातायात पूर्वाधारको रूपमा ६१ कि.मि कच्ची सडक सञ्जाल विद्यमान छ । भएका सडकहरू वर्षाको भल-

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

बाढीबाट प्रायः क्षतिग्रस्त हुने गर्छ । यस गाउँपालिकामा ५ वटा पक्की पुल र विभिन्न खोलानालाहरूमा बनेका जम्मा १० झोलुंगे गरी करिब १५ वटा पुलहरू छन् ।

नौगाड गाउँपालिकाका वडाहरू जोड्नेगरी सडक निर्माण तथा विस्तारका कार्यक्रम अन्तर्गत १०० कि.मि. जति ट्र्याक निर्माण गरिएको छ । यस गाउँपालिकामा आर्थिक वर्ष २०८०/८१ को अन्त सम्ममा जम्मा पक्की सडक १५ किमि, झोलुङ्गे पुल १० वटा, ४ वटा ट्रष्ट पुल र पक्की पुल ५ वटा रहेका छन् । यस गाउँपालिकाको वडा नं. १ बाहेक सबै वडामा सडक सञ्जालको पहुँच पुगेको छ । उच्च स्तरीय सडक सुविधाको पहुँचमा रहेको बासिन्दा करिव २५ प्रतिशत र काम चलाउ यातायातको सेवा उपभोग गरिरहेको जनसंख्या करिब ४५ प्रतिशत छ । अझै पनि २० प्रतिशत जनसंख्या भने सडक सुविधाको पहुँच बाहिर छ ।

## शैक्षिक अवस्थाको बिश्लेषण

### साक्षरताको अवस्था

वि.सं. २०७२ साल पौष १५ गते देशको २३ औं जिल्लाका रूपमा साक्षर जिल्ला घोषणा भएको भए तापनी वि. सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार यस गाउँपालिका को साक्षरता दर ७४.२ प्रतिशत रहेकोमा महिला साक्षरता दर ६५ प्रतिशत र पुरूष साक्षरता दर ८४.२ प्रतिशत रहेको छ ।

### तहगत रूपमा विद्यालय तथा विद्यार्थी विवरण

तालिका नं. ८ विद्यालय तथा विद्यार्थी विवरण

| क. सं. | सञ्चालित कक्षा | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | विद्यालय संख्या | विद्यार्थी संख्या | विद्यालय संख्या | विद्यार्थी संख्या | |
| १ | बाल विकास कक्षा | ४३ | ४८५ | १ | २५ | |
| २ | कक्षा १-५ | ४३ | २३३६ | २ | ४० | |
| ३ | कक्षा ६-८ | १५ | १५७२ | ० | ० | |
| ४ | कक्षा ९-१० | ७ | ५२३ | ० | ० | |
| ५ | कक्षा ११-१२ | ३ | ४२८ | ० | ० | |
| जम्मा | | | ५३४४ | ३ | ६५ | |

### तहगत शिक्षक तथा कर्मचारी विवरण

### तालिका नं. ९ तहगत दरबन्दी संरचना

| क स. | विद्यालयको नाम | आधारभूत तह १-५ को शिक्षक दरवन्दी | | | आधारभूत तह ६-८ को शिक्षक दरवन्दी | | | मावि तह ९-१० को शिक्षक दरवन्दी | | | मौजुदा मावि ११-१२तहको शिक्षक दरवन्दी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | |
| १ | नौगडेश्वरी आवि | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |



प्रमुख प्रशासकीय अधिकृत

| क्र स. | विद्यालयको नाम | आधारभूत तह १-५ को शिक्षक दरवन्दी | | | आधारभूत तह ६-८ को शिक्षक दरवन्दी | | | मावि तह ९-१० को शिक्षक दरवन्दी | | | मौजुदा मावि ११-१२तहको शिक्षक दरवन्दी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | |
| | होपरीगाड | | | | | | | | | | | | | |
| २ | भूमिराज आ.वि. धौलोटे | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३ | भूमिराज आ.वि. रैचु | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ४ | मालिकार्जुन आ.वि. एगरभगे | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ५ | समैजी मा.वि. सौकेबगड | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ६ | देवी आ.वि. गडिगाड | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ७ | समैजी आ.वि. परीगाउँ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ८ | जनहित मा.वि. धुलिगाडा | ५ | ० | ५ | २ | ० | २ | ० | ३ | ३ | ० | ० | ० | १० |
| ९ | मालिकार्जुन आ.वि. सल्याड | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १० | भवानी आ.वि. धुलिगाडा | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ११ | भूमिराज आ.वि. खालिडाडा | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| १२ | दुर्गा आ.वि. डाडा | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| १३ | जयदेवी आ.वि. रैचु | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| १४ | मालिकार्जुन आ.वि. मल्ला रैचु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | दिपज्योति आवि च्युरेबगड | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | सल्लेधार आ.वि. सल्ला | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १७ | देवेश्वरी आ.वि. कैदमकोट | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| १८ | गौरीशंकर मा.वि. नागु | २ | ० | २ | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ४ |
| १९ | भवानी आ.वि. साङपाङ | १ | २ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| २० | दुर्गाभवानी आ.वि. जात्रा | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| २१ | भुमिराज मावि इयरकोट | ४ | ० | ४ | ० | २ | २ | ० | १ | १ | ० | ० | ० | ७ |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| क्र स. | विद्यालयको नाम | आधारभूत तह १-५ को शिक्षक दरवन्दी | | | आधारभूत तह ६-८ को शिक्षक दरवन्दी | | | मावि तह ९-१० को शिक्षक दरवन्दी | | | मौजुदा मावि ११-१२तहको शिक्षक दरवन्दी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | |
| २२ | परमेश्वरी आ.वि. पनखाए | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| २३ | हिमालय सिद्धनाथ आ.वि. गोफा | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| २४ | महादेव आ.वि. लक्सेरी | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| २५ | कृष्ण आ.वि. चौरीगाउँ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| २६ | पानीधारा आ.वि. दल्लेख | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| २७ | लटिनाथ मा.वि. खार | ५ | ० | ५ | २ | १ | ३ | २ | १ | ३ | ० | २ | २ | १३ |
| २८ | केदारेश्वरी मा.वि. सुण्डमुण्ड | ५ | १ | ६ | २ | १ | ३ | १ | १ | २ | ० | ० | ० | ११ |
| २९ | ताराकोट भवानी आ.वि. जामिर | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३० | गणेश आ.वि. डाडाजामीर | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३१ | पसरौल आ.वि. देउलाड | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३२ | डाडाबाग आ.वि. तल्लासुण्डमुण्ड | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३३ | सिद्धनाथ आ.वि. पारीमेला | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ३४ | दुर्गाभवानी आ.वि. डाडा सिप्टी | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३५ | मालिकार्जुन आ.वि. भिड | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३६ | गणेश विनायक मा.वि. सिप्टि | ४ | १ | ५ | १ | २ | ३ | ४ | ० | ४ | ० | २ | २ | १४ |
| ३७ | भैरवराज आ.वि. होपरी | ४ | ० | ४ | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ६ |
| ३८ | दुर्गाभवानी आ.वि. घोरकट्ट्या | २ | १ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३९ | भैरवनाथ आ.वि. भैरौं | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ४० | डाडाबाग आ.वि. चोटके | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४१ | डाडाबाग आ.वि. गैरा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| क स. | विद्यालयको नाम | आधारभूत तह १-५ को शिक्षक दरवन्दी | | | आधारभूत तह ६-८ को शिक्षक दरवन्दी | | | मावि तह ९-१० को शिक्षक दरवन्दी | | | मौजुदा मावि ११-१२तहको शिक्षक दरवन्दी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | |
| ४२ | भवानी आ.वि. मल्लामट्टे | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४३ | जलदेवी आ.वि. घट्टकसाड | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | ७१ | २३ | ९४ | ७ | १० | १७ | ७ | ६ | १३ | ० | ४ | ४ | १२८ |

नौगाड गाउँपालिका १० वर्ष शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

## १.२ मुख्य समस्या तथा चुनौतीको बिश्लेषण

**मुख्य समस्याहरू:**

- विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु ।
- विद्यार्थीहरूले नियमित रूपमा तह पूरा गर्न नसक्नु ।
- पाठ्यक्रमले तोकिए बमोजिमका सिकाई उपलब्धि हासिल गर्न नसक्नु ।
- बालमैत्री बिद्यालय निर्माण गरि सिकाई वातावरण निर्माण गर्न नसक्नु ।
- स्थानीय पाठ्यक्रम निर्माण गरि प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
- विषयगत तथा कक्षागत रूपमा शिक्षकको दरबन्दी नहुनु ।
- विद्यालयमा गरिने शैक्षिक क्रियाकलापहरूमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्न नसक्नु ।
- विद्यालय सुधार योजना तथा अन्य विद्यालय विकासका कार्यक्रमहरूमा अभिभावक तथा वि.व्य.स. पदाधिकारीहरूको सक्रिय सहभागिता नहुनु ।
- अभिभावकहरूलाई विद्यार्थीको सिकाइ उपलब्धि सँग जोडन नसक्नु ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहूँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
- उपयुक्त भौतिक पुर्वाधारको विकास हुन नसक्नु ।
- वैकल्पिक सिकाईको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
- अनुगमन तथा सुपरीवेक्षण प्रणाली प्रभावकारी नहुनु ।

**शिक्षा क्षेत्रका चुनौतीहरू:**

- गुणस्तरीय शिक्षाको अवसर सूनिश्चित गर्न ।
- विद्यालय नक्साङ्कन सहित विद्यालय स्थापना र समायोजन गर्न ।
- विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्न ।
- निशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्न ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणाली सुधार गर्न ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न ।
- विपद् व्यवस्थापन तथा वैकल्पिक सिकाई सहजीकरण गर्न ।
- जीवन पर्यन्त सिकाईका अवसरहरू सूनिश्चित गर्न ।
- उपयुक्त भौतिक पूर्वाधार निर्माण गर्न ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँचमा सुधार गर्नु ।
- सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउन ।
- शिक्षकहरूलाई पेसागत सहयोग प्रणालीको विकास गर्न ।
- शिक्षकलाई व्यावहारिक ज्ञान सहित व्यावसायिक बनाइ विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउन ।
- पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको व्यवस्था मिलाउन ।
- अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच वृद्धि गर्न ।
- सामुदायिक विद्यालयमा अपनत्व वृद्धि गर्न ।



प्रमुख प्रशासकीय अधिकृत

- शिक्षाको साझा अधिकार कार्यान्वयन गर्न ।

**अवसरहरू:**

- शिक्षा क्षेत्रका लागि आवश्यक संवैधानिक तथा कानुनी आधारहरू भएको ।
- तीन तहको सरकारहरू बीच समन्वय र सहकार्यका क्षेत्रहरू पहिचान भएको ।
- विद्यालयमा क्रमशः खुल्ला प्रतिस्पर्धाबाट दक्ष र युवा जनशक्तिको बढ्दो प्रवेश ।
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गरिएको ।
- तीनै वटै सरकार तथा अन्य संघ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण विकास भएको ।
- शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्दै गएको ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन भइरहेको ।
- वैकल्पिक सिकाइ सहजीकरणका उपायहरूको खोजी तथा अवलम्बनको सुरूवात भएको ।
- गुणस्तरीय शिक्षा प्रति अभिभावकहरूको मोह बढ्दै गएको ।
- सडक, विद्युतको विस्तार सँगै विद्यालयहरूमा सहज पहुँचको अवस्था रहेको ।
- जिल्ला सदरमुकाममा अवस्थित गाउँपालिका भएबाट अन्तरनिकाय समन्वय तथा सहकार्यको सम्भावना रहेको ।
- विद्यार्थीहरूको खुद भर्ना दरमा वृद्धि भएको ।
- लैङ्गिक समता सूचकाङ्क सकारात्मक हुँदै गएको ।
- खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्तको प्रक्रियाको अभ्यासको थालनी सँगै कार्य सम्पादनमा आधारित करारको व्यवस्था सुरू भएको ।

**शिक्षा योजना निर्माण प्रक्रिया**

यस गाउँपालिकाको १० बर्षे शिक्षा क्षेत्र योजना निर्माणका क्रममा देहायका प्रक्रियाहरू अपनाइएका छन् ।

**पूर्व तयारी :**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्ग दर्शन २०७९ परिमार्जित संस्करण २०८१ अनुसार स्थानीय तहको शिक्षा योजनालाई अध्यावधिक गर्ने सूचना पश्चात् युरोपियन युनियन र युनिसेफको आर्थिक सहयोग र सामुदायिक विकास केन्द्र डोटीको प्राविधिक सहयोगमा सञ्चालित गुणस्तरीय सिकाइका लागि विद्यालय शिक्षा क्षेत्र योजना तथा बजेट निर्माणमा स्थानीय सरकारको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत नीति २०८१ भाद्र १९ गते शिक्षा समिति कार्यपालिका लगायत सरोकारवालाहरूको उपस्थितिमा नौगाड गाउँपालिकाका सामाजिक विकास समिति संयोजकको अध्यक्षतामा ७ सदस्यिय कार्यदल गठन भई नौगाड गाउँपालिकाको १० वर्षे शिक्षा योजनालाई निर्माण गर्ने काम अघि बढाइयो ।

**पुर्व तयारीका क्रममा गरिएका प्रमुख क्रियाकलापहरू :**

- विद्यालयहरूबाट प्राप्त गर्नु पर्ने तथ्य तथा तथ्याङ्कहरूका लागि फर्म्याट विकास गरिएको,



प्रमुख प्रशासकीय अधिकृत

- तथ्याङ्क विभाग तथा अन्य स्रोतहरूबाट सङ्कलन गर्नु पर्ने तथ्याङ्कहरूको एकीन तथा सोका लागि फर्म्याट विकास गरिएको,
- फर्म्याट अनुसार सम्बन्धित निकायहरूबाट तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको,
- १० वर्षे शिक्षा योजना निर्माण कार्यदल, शिक्षा समिति र सरोकारवालाहरूको उपस्थितिमा मिति २०८१।१।१४ र १५ गते योजना लेखन सम्बन्धी २ दिनको कार्यशाला राखि १० वर्षे शिक्षा योजना लेखनको कार्यलाई अगाडी बढाइयो ।

**योजना तर्जुमा :**

योजना निर्माण कार्यदल, कार्यपालिका, शिक्षा समिति र सरोकारवालाहरूको उपस्थितिमा मिति २०८१।१२।२३ गते सुझाव संकलनको बैठक बसि योजना निर्माणको खाका विषयमा आवश्यक छलफल गरी विभिन्न सरोकारवालाहरूबाट समेत आवश्यक राय सुझाव लिइ योजना निर्माणको कार्यलाई अगाडि बढाउने विषयमा छलफल गरिएको सोही छलफलका आधारमा देहाय बमोजिमका कार्यहरू भए गरिएका ।

योजना निर्माणका चरणमा गरिएका प्रमुख क्रियाकलापहरू :

- प्रमुख कार्यदलबाट योजना खाका अध्ययन गरिएको,
- युनिसेफको आर्थिक सहयोग र सामुदायिक विकास केन्द्र डोटीको प्राविधिक सहयोग तथा गाउँपालिकाको आयोजनामा गाउँ अध्यक्ष, उपाध्यक्ष, सबै वडा अध्यक्षहरू, अध्यक्ष प्रशासकीय अधिकृत, शिक्षा विद्, प्रधानाध्यापक, वि.ब्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीहरू, साझेदार संस्थाका प्रतिनिधि, शिक्षा शाखा र अन्य सम्बन्धित शाखाका पदाधिकारीहरू एवम् विज्ञको सहभागितामा पहिलो एक दिने कार्यशाला मिति २०८१ । ०५ । १९ मा सञ्चालन गरिएको थियो । कार्यशालामा शिक्षा क्षेत्रका विभिन्न योजनाहरूको लक्ष्य उद्देश्यहरूको प्रस्तुति समीक्षा गरि स्थानीय तहमा शिक्षा क्षेत्र विशेष गरि विद्यालय शिक्षाका देखिएका समस्या चुनौती अवसरहरू प्राथमिकताका क्षेत्रहरू पहिचान गर्ने कार्य गरिएको थियो । सोही कार्यशालाबाट रणनीति कार्यनीतिहरू पहिचान गर्ने कार्य गरिएको थियो ।
- निर्माण कार्यदलबाट निर्धारित लक्ष्य उद्देश्य रणनीति कार्यनीति क्षेत्रगत उद्देश्य रणनीति प्राथमिकताका क्षेत्र निर्धारण गर्ने कार्य सम्पन्न गरि उक्त लक्ष्य उद्देश्य प्राप्तिका लागि विषय क्षेत्र अनुसार क्रियाकलापहरू छनौट गरिएको । योजना निर्माण सम्बन्धी मार्गनिर्देशन २०७९ लाई आधार बनाइ योजना निर्माण कार्यलाई अगाडि बढाउने क्रममा परिच्छेद १ र २ मा उल्लेख भए बमोजिम लक्ष्य रणनीति कार्यनीति विषय क्षेत्र बमोजिमका क्रियाकलापहरू पहिचान तथा छनौट गरि पुन: प्रथम कार्यशालामा सहभागिहरूकै सहभागिता थप गाउँ शिक्षा समितिका पदाधिकारीहरूको समेत सहभागितामा मिति २०८१।१०।१४ र १५ गतेमा दोस्रो एक दिने कार्यशाला आयोजना गरिएको । उक्त कार्यशालामा प्रारम्भिक खाका प्रस्तुति एवम् छलफल अन्तरक्रिया गरि प्राथमिकताका क्षेत्रहरू पहिचान गर्नुका साथै उपक्षेत्रगत रूपमा अध्यक्ष क्रियाकलापहरूको पहिचान तथा लगानीका स्रोतहरू पहिचान गर्ने कार्य गरिएको ।



प्रमुख प्रशासकीय अधिकृत

**योजना स्वीकृति**

गाउँ शिक्षा योजना निर्माण तथा सिफारिस समितिबाट गाउँ कार्यपालिकामा पेश गरिएको गाउँ शिक्षा योजना गाउँ कार्यपालिकाको मिति २०८१।१२।२४ गतेको निर्णयबाट स्वीकृती गरिएको ।

नौगाड गाउँपालिका १० वर्ष शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद-२

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

देहायका बमोजिमका आधारहरू लिई यस गाउँपालिकाले स्थानीय तहको १० वर्षे शिक्षा योजना निर्माण गरिएको हो ।

- नेपालको संविधान, २०७२
- सोह्रौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तह ऐन, २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५
- विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८९
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, २०७६
- स्थानीय तहको योजना तर्जुमा दिकदर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- विद्यालय सुधार योजना र अन्य सरकारी गैरसरकारी संघसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम
- शिक्षा ऐन, २०२८ संशोधन सहित
- शिक्षा नियमावली, २०५९ संशोधन सहित
- सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना, २०७६

## २.२ दूरदृष्टि

यस नौगाड गाउँपालिकाले देहायको दीर्घकालिन सोच सहित गाउँपालिकाको शिक्षा क्षेत्रलाइ अगाडि बढाउन खोजिएको छः

**"जीवन उपयोगी गुणस्तरीय शिक्षाः समुन्नत र समृद्ध नौगाडको अपेक्षा"**

## २.३ लक्ष्य

यस नौगाड गाउँपालिकाले माथि उल्लिखित सोचलाई साकार पार्न निम्न बमोजिमको लक्ष्य राखेको छ ।

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

**"बालमैत्री, समावेशी सिकाइ वातावरण विकास गर्दै सुशासनयुक्त शैक्षिक प्रणालीको स्थापना गरी प्रभावकारी शैक्षिक सेवा प्रवाहको माध्यमबाट गुणस्तरीय, प्रविधिमैत्री, व्यावहारिक शिक्षा प्रदान गरी नैतिकवान, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने"**

यस नौगाड गाउँपालिकाले तय गरेको दुरदृष्टि तथा लक्ष्य प्राप्तिका लागि निर्धारण गरिएका उद्देश्य रणनीति तथा कार्य नितीलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## २.४ उद्देश्य

- सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर र पहुँच सुनिश्चित गरी विद्यालय शिक्षामा पहुँच, सहभागिता र गुणस्तर सहित तह पूरा गर्ने वातावरणको सूनिश्चितता गर्नु
- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी बनाइ पूर्ण सिकाइको सुनिश्चितता गर्नु
- बालबालिकालाइ बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु
- सबै नागरिकका लागि वैकल्पिक सिकाइका माध्यमबाट जीवन पर्यन्त सिकाइका अवसरहरु प्रदान गर्नु'
- विद्यालय शिक्षाका लागि आवश्यक दक्ष र तालिम प्राप्त मानव संसाधनको विकास, व्यवस्थापन तथा उपलब्धता सुनिश्चित गर्नु ।
- विद्यालयहरुमा विभेदमुक्त, भय रहित, समावेशी तथा लैङ्गिकमैत्री शिक्षण सिकाई वातावरणको विकास गरि विद्यालय शिक्षा प्रणालीमा प्रभावकारीता र सुशासनको प्रत्याभूति गर्नु
- विभिन्न विभेद तथा विपतबाट प्रभावित बालबालिकाहरुको विद्यालय शिक्षामा सहज पहुँच सँगै शिक्षण सिकाइमा भएको क्षतिको न्यूनीकरण गर्नु

## २.५ रणनितीहरु

- विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रहरुको विस्तार तथा सुदृढीकरण गर्ने ।
- प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालनबाट बालविकास उमेर समूहका बालबालिकाहरुको बालविकास शिक्षामा पहुँच वृद्धि गर्ने ।
- विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा विद्यालय स्थापना, समायोजन तथा पूनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- विद्यालय नक्साङ्कनका आधारमा शिक्षकको आवश्यकताको पहिचान तथा ब्यवस्थापन गर्ने ।
- सरोकारवाला सबैको सहयोग र समन्वयमा शिक्षक अभिभावक तथा समग्र विद्यालयहरुको क्षमता विकास तथा शैक्षिक गुणस्तर प्रवर्द्धन गर्ने/गराउने
- विद्यालयहरुको प्राविधिक तथा व्यावसायिक क्षमता विकास गरि निःशुल्क प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्ने ।

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

- विद्यालय तहमा लागु गरीएको पाठ्यक्रमको प्रबोधिकरण तथा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका माध्यमबाट विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकता र प्रयोगमा अभिवृद्धि गर्ने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाइ शिक्षण सिकाइलाइ मूल्याङ्कनसँग आबद्ध गर्ने ।
- विद्यालयमा पर्याप्त र सुविधा सम्पन्न भौतिक पूर्वाधारको विकास गर्ने ।
- सिकाइ गुणस्तर विकासका लागि आवश्यक शैक्षिक बातावरण सुनिश्चित गर्ने ।
- सामुदायिक अध्ययन केन्द्रहरुको सुदृढीकरण गरि साक्षरता तथा ब्यवहारिक शिक्षाको विस्तार गर्ने ।
- साक्षरोत्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने ।
- शिक्षकको व्यावसायिकतामा सुधारका लागि शिक्षक सहायता प्रणालीको विकास गरि शिक्षकलाई उत्प्रेरित र जवाफदेही बनाइने ।
- विद्यालयहरुमा आवश्यकता अनुसार दक्ष जनशक्तिको व्यवस्थापन गर्ने ।
- शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा सुसाशन प्रत्याभुतिका लागि आवश्यक मानक मापदण्ड तथा योजना बनाइ सरोकारवालाहरुलाइ विद्यालय र विद्यार्थी प्रति उत्तरदायी एवम् जवाफदेही बनाउने ।
- विशिष्ट पहिचान भएका आदिवासी जनजातिको सहभागिता बढाउन उक्त समुदायको संस्कृतिलाइ विद्यालयसँग आबद्ध गराउने ।
- विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने ।
- स्थानीय तथा स्रोतकेन्द्र तहमा अनुगमन संयन्त्रको विकास गरि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनुका साथै शिक्षा प्रणालीलाई तथ्याङ्कमैत्री बनाइने ।
- आवश्यक भौतिक तथा शैक्षिक स्रोत साधन उपलब्ध गराइ विद्यालयमा विभेद, भयरहित, लैङ्गिक मैत्री सिकाइ वातावरणका सिर्जना गर्ने ।
- बैकल्पिक सिकाई कक्षा तथा अतिरिक्त कक्षाको ब्यवस्था गरि विद्यालयमा भर्ना भइ विचमा छोडेका तथा भर्ना हुन नसकेका तथा विभिन्न प्रकोपबाट सिकाइमा वञ्चित भएका बालबालिकाको सिकाइ निरन्तर गर्ने ।
- वैकल्पिक सिकाइका माध्यमहरुको विकास तथा कार्यान्वयन गर्ने ।

## २.६ कार्यनीतिहरु

- नक्साङ्कनका आधारमा कम्तीमा एक विद्यालय एक बालविकास केन्द्रको स्थापना गरिनेछ ।
- प्रारम्भिक बाल विकास केन्द्रहरुलाई थप सुदृढ गरि विद्यार्थी भर्ना तथा टिकाई राख्न लाई जनप्रतिनिधिहरुको समेत सहभागितामा विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- विभिन्न कारणले विद्यालय बाहिर रहेका बालविकास उमेर समूहका बालबालिकाहरुका लागि समुदाय स्तरमै बालविकास सहजकर्ता शिक्षकको व्यवस्था गरिनेछ ।
- सहजकर्ताहरुका लागि विभिन्न प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालय तथा समुदायमा संचालित बालविकास केन्द्रहरुको क्षमता विकासका लागि तालिम तथा बाल विकास केन्द्र सबलीकरण कार्यक्रम मार्फत बालमैत्री वातावरण सिर्जना गरिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

- विद्यालय नक्साङ्कनका आधारमा आवश्यकता अनुसार विद्यालय स्थापना तथा समायोजन गरिनेछ ।
- विद्यार्थी संख्या, विद्यालयको तह तथा अध्यापन गराइने विषय समेतका आधारमा विषयगत तहगत शिक्षक दरबन्दी पूनर्वितरण तथा थप ब्यवस्थापन गरिनेछ ।
- विद्यालयमा लगानीको वातावरण तयार गरि सरकारी, गैर सरकारी संघसंस्था र सरोकारवाला सबैको सहभागितामा शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विव्यस र शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि गरी विद्यार्थीको शैक्षिक गुणस्तर विकासमा जवाफदेही बनाइनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुमा गरिएका असल अभ्यासहरूको अनुभव आदान प्रदान गर्न विद्यालयहरुमा अवलोकन भ्रमणको ब्यवस्था मिलाइनेछ ।
- स्थानीय उपजमा आधारित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरी कक्षा ८ सम्म विस्तार गरिनेछ ।
- विद्यालय तहमा अध्ययनरत विद्यार्थीका लागि सह तथा अतिरिक्त कृयाकलाप सञ्चालन गरिनेछ ।
- माध्यमिक विद्यालयहरुमा आधुनिक प्रविधियुक्त गणित प्रयोगशाला, विज्ञान प्रयोगशाला, ICT Lab र पुस्तकालय व्यवस्थापन गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा निशुल्क पहुँचका लागि विभिन्न अनुदान तथा छात्रवृत्ती उपलब्ध गराइनेछ ।
- आवश्यकतानुसार थप प्राविधिक विद्यालयहरु सञ्चालन गरिनेछ ।
- युवाहरुलाई लक्षित गरी विभिन्न छोटो अवधिका व्यावसायिक तथा सिपमूलक तालिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रत्येक वर्ष विद्यालय शिक्षाको स्थानीय तथा राष्ट्रिय पाठ्यक्रमको प्रबोधिकरणका कार्यक्रमहरु सञ्चालन गरी पाठ्यक्रमले तोकेका शैक्षिक उद्देश्य प्राप्तिका लागि आवश्यक सहजीकरण गरिनेछ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको सान्दर्भिकता वृद्धिका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यसामग्रीको विकास गरिनेछ ।
- विद्यालयका विभिन्न कक्षाहरुमा प्रत्येक शैक्षिक सत्रमा अर्धवार्षिक रुपमा सिकाइ उपलब्धिको परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।
- स्तरीकृत परीक्षा प्रणालीको प्रयोग गरिनेछ ।
- सुधारात्मक तथा उपचारात्मक शिक्षणको व्यवस्था गरिनेछ ।
- आन्तरिक तथा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- आवश्यकतानुसार भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
- विद्यालयका कक्षाकोठाहरु प्रविधिमैत्री बनाइनेछ ।
- विद्यालयमा बालसुलभ फर्निचर र बसाइ व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।
- हरित विद्यालय कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयमा बालबगैंचा निर्माण गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरुको सबलीकरण गरी प्रविधिमैत्री बनाइनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

- सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको क्षमता विकास गरी साक्षर तथा साक्षरोत्तर शिक्षाका कक्षाहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत जिवनोपयोगी सिप विकासका तालिमहरु सञ्चालन गरिनेछ ।
- विद्यार्थी संख्या, विद्यालयको तह तथा अध्यापन गराइने विषय समेतका आधारमा विषयगत तहगत शिक्षक दरबन्दी पूनर्वितरण तथा थप ब्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडामा कम्तीमा एक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।
- शिक्षक पुनर्ताजगी तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- शिक्षक सहायताका लागि विज्ञ समूह परिचालन गरिनेछ ।
- शिक्षकहरुलाइ कार्यसम्पादनका आधामा प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा कार्यरत जनशक्तिको सेवा तथा सुविधामा विस्तार गरिनेछ ।
- शिक्षक पेसागत विकास प्रणालीको स्थापना गरिनेछ ।
- शिक्षित बेरोजगार युवाहरुको रोष्टर बनाइ विद्यालयको आवश्यकता अनुसार छोटो अवधिका लागि स्वयंसेवक शिक्षकका रुपमा परिचालन गर्ने ।
- विद्यालयमा सरोकारवाला सबैको प्रत्यक्ष सहभागितामा विद्यालय सुधार योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कनका मापदण्ड तथा साधनहरुको विकास गरि शिक्षाक्षेत्रका विज्ञहरुको रोष्टर निर्माण तथा स्रोतकेन्द्रहरुको पुनर्ब्यवस्थापनबाट विद्यालयहरुको अनुगमन मूल्याङ्कनलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- विभिन्न सम्बन्धित निकायहरुको समेत समन्वयमा गाउँपालिका तथा विद्यालय तहमा शिक्षासँग सम्बन्धित विभिन्न खण्डीकृत तथ्याङ्कहरुलाई ब्यवस्थित गर्न तथ्याङ्क सङ्कलन विश्लेषण तथा प्रतिवेदन प्रणालीलाई ब्यवस्थित तथा सुदृढ गरिने छ ।
- स्थानीय तहको लगानी तथा विभिन्न विकास साझेदार संस्थाहरुको सहयोग समन्वयमा विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक कर्मचारी तथा स्थानीय तहका जनशक्तिका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- विद्यालयस्तरमा सम्भाव्यता अध्ययन गरी लोक संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्न सांस्कृतिक संग्राहालय निर्माण गर्न प्रोत्साहन गरिनेछ ।
- कुलत, दुर्व्यवहार तथा बालविवाह न्यूनीकरणका लागि विद्यार्थी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुमा महिला तथा लक्षित वर्गका शिक्षक कर्मचारीहरुको अनुपातमा वृद्धि गरिनेछ ।
- विद्यालयको संख्या र भूगोल समेतका आधारमा आवश्यतानुसार स्रोतकेन्द्र स्थापना तथा व्यवस्थापन गरिनेछ ।
- विद्यालय अनुगमन, मूल्याङ्कन र शिक्षकको पेसागत सहयोगका लागि स्रोतकेन्द्र व्यवस्थापन गरी स्रोतव्यक्ति परिचालन गरिनेछ ।
- विद्यालयहरुमा खुल्ला प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक ब्यवस्थापन गरिने छ ।
- वैकल्पिक सिकाइका विभिन्न माध्यमहरुको व्यवस्थापन गरिनेछ ।
- शिक्षा क्षेत्रको विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- वैकल्पिक सिकाइ तथा मनोसामाजिक परामर्श सम्बन्धी शिक्षक तालिम सञ्चालन गरिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

- हरित, सफा तथा सुरक्षित विद्यालय वातावरण निर्माण गरिनेछ ।

## २.७ अपेक्षित उपलब्धिः

माथि उल्लेखित रणनीति कार्यनीतिको कार्यान्वयनबाट देहाय बमोजिमका उपलब्धिहरुको अपेक्षा गरिएको छः

- सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर र पहुँच सुनिश्चित भएको हुनेछ ।
- विद्यालय शिक्षामा सबै बालबालिकाहरुलाई पहुँच, सहभागिता र गुणस्तरको सूनिश्चितता भएको हुनेछ ।
- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई एक्काइसौं शताब्दी सुहाउँदो प्रविधिमैत्री र रोजगारउन्मुख नागरिक उत्पादन भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा बालबालिकाहरुको पहुँच तथा सहभागितामा वृद्धि भएको हुनेछ ।
- बालबालिकालाइ बालमैत्री वातावरणमा सिकाइ कृयाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार भएको हुनेछ ।
- सबै नागरिकका लागि वैकल्पिक सिकाइका माध्यमबाट जीवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने वातावरण निर्माण भएको हुनेछ ।
- विद्यालय शिक्षाका लागि आवश्यक दक्ष र तालिम प्राप्त मानव संसाधनको विकास, व्यवस्थापन तथा उपलब्धता सुनिश्चित भएको हुनेछ ।
- विद्यालयहरुमा विभेदमुक्त, भय रहित, समावेशी तथा लैङ्गिकमैत्री शिक्षण सिकाई वातावरणको विकास गरि विद्यालय शिक्षा प्रणालीमा प्रभावकारीता र सुशासनको प्रत्याभूति भएको हुनेछ । .
- विभिन्न विभेद तथा विपदबाट प्रभावित बालबालिकाहरुको विद्यालय शिक्षामा सहज पहुँचसँगै शिक्षण सिकाइमा भएको क्षतिको पुनर्लाभ भएको हुनेछ ।
- विद्यालयमा खुल्ला प्रतिस्पर्धा मार्फत प्रधानाध्यापकको व्यवस्थापन सहित विद्यालय शिक्षा प्रणालीमा सुशासन कायम भएको हुनेछ ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनु पर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १.प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर(%) | स्थानीय | ७०.२ | ८७.५ | ८७.९ | ८८.३ | ८८.८ | IEMIS | IEMIS |
| | | प्रदेश | ९८.९ | | | | | | |
| | | राष्ट्रिय | ८५.२ | ८८.५ | | ७४.० | ८९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव | स्थानीय | ८५ | ८७ | | ९० | ९२ | IEMIS | IEMIS |
| | | प्रदेश | ८१.३ | | | | | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) | राष्ट्रिय | ६८ ६. | ७३.० | | ८५.० | ९५.० | | |

## २. आधारभूत शिक्षा (कक्षा १-८)

| क्र. सं. | सूचक | सूचक को तह | आधार वर्ष २०८१ | २०८३ | २०८४ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ८३ | ८४ | ८५ | ८६ | ८७ | IEMIS | IEMIS |
| | | प्रदेश | ९६.० | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १०२ .२ | १०१ | | १०१ | १०० | IEMIS | IEMIS |
| | | प्रदेश | ११५. ० | | | | | | |
| | | राष्ट्रिय | १२१. ९ | ११५. ० | | १०७. ० | १०५. ० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९३.४ | ९४ | | ९५.२ | ९५.६ | IEMIS | IEMIS |
| | | प्रदेश | ९५.७ | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | १०२. ८ | १०२. ५ | | १०३. २ | १०१. ५ | IEMIS | IEMIS |
| | | प्रदेश | १२७. ३ | | | | | | |
| | | राष्ट्रिय | ११९. २ | ११५ ०. | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ६०.५ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुलप्रवेश दर* (%) | स्थानीय | ९३.३ | ९४.२ | ९५. २ | ९६.२ | ९७.२ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | | १०७ | १०५. ० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८०.२ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | ८८.३ | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* | स्थानीय | ८५.१ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (%) | राष्ट्रिय | ८५.८ | ९३.१ | | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १८.१ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.०३ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.८ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १०३.० | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८६.४ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ८५.३९ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ७२७. | | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९९ | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १०१. | १०१. | | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) — नेपाली भाषा | स्थानीय | २.५८ | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| | गणित | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या (%) | | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ७०.७ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५०.० | | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ३५.९ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | | ६०.० | ७०.१ | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५९.७ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६०.४ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ६८५. | ७० | | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ५१.५ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ५३५. | ६००. | | ६५०. | ७००. | | |
| | | विज्ञान | स्थानीय | ६१.८ | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ४३८. | ५००. | | ६००. | ७००. | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | २९. | १.० | | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ६६. | | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ३०.२ | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | ४३७ | ४५.० | | ५०.० | ५०.० | | |



प्रमुख प्रशासकीय अधिकृत

## ३.माध्यमिक शिक्षा (९-१२)

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८४ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ३४.६ | ३७.८ | ४१.३ | ४५.३ | ४९.४ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ४७६. | | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | स्थानीय | ९१.० | ८८.२ | ८८.४ | ८६.२ | ८६.१ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ७४.४ | | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.२४ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १०२. | १.०० | | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ९०.५ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९७५. | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ५५.५ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ६०३. | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २१.५ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | २४०. | | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत | स्थानीय | १५.५ | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | २०६. | २२.० | | २७.० | ३३.० | | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला शिक्षक सङ्ख्या* (%) | | | | | | | | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या(%) | स्थानीय | विज्ञान | | | | | | | |
| | | | प्रा.व्या. | | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | | |
| | | | प्रा.व्या. | | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| | | गणित | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

## ४.जीवन प्रयन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षाः

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर (१पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | ६५ | | | | | | राष्टिय जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७५.१ | | | | | राष्ट्रिय जनगणना २०७८ | राष्ट्रिय जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ८५ | | | | | राष्टिय जनगणना २०७८ | राष्ट्रिय जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१पाँच वर्ष भन्दा माथि) | स्थानीय | ०.८१ | | | | | राष्ट्रिय जनगणना २०७८ | राष्ट्रिय जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | | ०.८० | | |

## ५.अनौपचारिक शिक्षा र आजीवन सिकाइः

| क्र. सं. | सूचक | सूचकको तह | | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति(%) | स्थानीय | | | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९- | स्थानीय | छात्रा | | | | | | | |
| | | | छात्र | | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | | छात्र | | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | | |
| | | | छात्र | | | | | | | |
| **६.सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २२:८ | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ८०:३ | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ४९:३ | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ७३:२५ | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ४०:१ | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | | ३०:१ | ३०:१ | | |
| **७.शिक्षामा लगानी** | | | | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | ८.२२ | | | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | | १७.० | २०.० | | |

नौगाड गाउँपालिका १० वर्ष शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | २५.२२ | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ३०.२ | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | | १७ | | | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद ३

## शिक्षा क्षेत्रका मूख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बाल बिकास र शिक्षा विद्यालय जाने उमेरपूर्वका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्ने तथा आभारभूत शिक्षाका लागि तयार हुन सहयोग गर्ने कार्यक्रम हो । सर्वाङ्गीण विकास अर्न्तगत बालबालिकाको शारीरिक मानसिक तथा बौद्धिक सामाजिक र सम्वेगात्मक विकास पर्दछन् । प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमहरु विभिन्न समय अवधिका लागि गर्ने प्रचलन भए पनि चार बर्ष उमेर पुगेका बालबालिकाका लागि एक बर्षको प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रम सञ्चालन गरिने नेपालको नि शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि समावेश गरिएको सन्दर्भमा यस योजना पनि समावेश गरीएको हो । प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति २०७७ २०८८ ले जन्म देखि ८ बर्षसम्मको बाल विकासको अवधिलाई तिन समूहमा विभाजन गरिएको छ । नेपालमा पाँच बर्ष उमेर पूरा भएपछि कक्षा १ मा भर्ना गरिने र चारबर्ष उमेर भएका बालबालिकालाई एक बर्षको प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रम सञ्चालन गरीदै आएको छ ।

नौगाड गाउपालिकामा समुदायमा आधारित ४ वटा विद्यालयमा आधारित २९ गरी जम्मा ३३ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेकाछन् । हाल ति केन्द्रमा २४१ छात्रा र २४८ छात्र गरि ४८९ विद्यार्थीहरू रहेका छन् । यस अनुसार लैङ्गिक समता सूचक ०.९७ डएसझ % । कक्षा १ मा बाल विकास र शिक्षाको अनुभव सहित भर्ना दर ५० प्रतिशत जति रहेको छ । प्रारम्भिक बाल विकास केन्द्रमा महिला शिक्षकको प्रतिशत ९३.९३ रहेको छ । सबै सामुदायिक विद्यालयमा बालविकास केन्द्र नभएकोले वर्तमानमा गाउँपालिकाको स्रोतबाट ६ वटा बालविकास केन्द्र सञ्चालन भएका छन् ।

**३.१.२ उदेश्य**

- प्रारम्भिक बालबिकास शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
- प्रारम्भिक बालबिकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

**३.१.३ रणनीतिहरु**

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि निम्नलिखित रणनितिहरुलाई आवश्यकता अनुसार राख्न सकिन्छ, जस्तै

- सबै बालवालिकाको बाल विकासमा पहँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, र ढाँचाअनुसार प्रारम्भिक बालबिकास तथा शिक्षा सञ्चालन गर्ने ।
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालबिकास केन्द्र स्थापना गर्ने ।
- विभिन्न लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुनाहरु विकास गरी पहुँच सुनिश्चित गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजीक्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने ।
- प्रारम्भिक बालबिकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
- नुमुना बालबिकास केन्द्रहरु स्थापना गर्ने ।
- सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।
- बालकक्षा व्यवस्थापन, कक्षा सजावट, शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने ।
- उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजाः

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालबिकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- सबै प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास कुल भर्ना संख्या | ५८२ | ५९२ | ६०२ | ६०८ | ६१५ | ६२० |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |

### ३.१.५ प्रमुख क्रियाकलापहरु र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | प्रारम्भिक वालविकास तथा शिक्षाका न्युनतम मापदण्डको प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | २ | ४ | |
| २ | प्रारम्भिक वालविकास तथा शिक्षा केन्द्रहरुको नक्शाङ्कन र पुनर्वितरण | केन्द्र | २ | १ | १ | १ | १ | ६ | १२ | |
| ३ | वैकल्पिक प्रारम्भिक वालविकास तथा शिक्षा | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम संचालन | | | | | | | | | |
| ४ | परिवार,समुदाय, गैरसरकारी संघसंस्था तथा निजि क्षेत्र संगको सहकार्य | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | अपाङ्गता पहिचान गरि थप सेवा उपलब्ध गराउने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | वालवालिकाको अभिलेखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | अपाङ्गता भएका वालवालिकाका लागि वैयक्तिक परिवार सेवा योजना | संख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्ता | केन्द्र | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |
| ९ | वालविकासको पाठ्यक्रम प्रवोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रमा खेल सामग्री व्यवस्थापन | किट्स | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ११ | सहयोगी कार्यकर्ताको योग्यता र क्षमता विकास | जना | १० | १० | १० | ८ | ५ | ४३ | ४३ | |
| १२ | वालवालिकाको स्वास्थ्य जाँच तथा खोप सम्बन्धी अभिलेख व्यवस्थापन | निरन्तर | | | | | | | | |
| १३ | स्थानीय भाषाको प्रयोग | १० | १० | १० | ५ | ५ | ३ | ४३ | ४३ | |
| १४ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | वालवालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | | आवश्यकता अनुसार | | | | | | | |
| १६ | EIMIS ब्यबस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

विद्यालय शिक्षाको सुरुवाति र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ । आधारभूत तहको शिक्षाले उमेर समूहको हिसावले ५-१२ वर्षका बालबालिकाहरुलाई समेट्छ । आधारभूत तह विद्यालय शिक्षाको जग भएकाले यसको गुणस्तर अभिबृद्धिका लागि शिक्षक, शिक्षण सकाइका लागि स्रोत सामग्री र अनुकूल सिकाइ वातावरणमा जोड दिनु पर्ने हुन्छ । नेपालको



प्रमुख प्रशासकीय अधिकृत

संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूत सम्बन्धी शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने नागरिको कर्तव्य हुने कुरा उल्लेख गरेको छ । प्रचलित ऐनहरुले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक कक्षादेखि कक्षा-८ सम्मको दिइने शिक्षालाई उल्लेख गरेको छ ।

विद्यालय शिक्षाको जग आधारभूत तहको शिक्षा हो । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवन यापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । नौगाड गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कक्षा १-३ संचालन भएका प्रथामिक विद्यालय आधारभूत विद्यालय १२, कक्षा १-५ संचालन भएका १५ कक्षा १-८ संचालन भएका आधारभूत विद्यालय ४ माध्यमिक विद्यालय ३ रहेका छन् । आधारभूत तह कक्षा १-८ मा ३४३१ बालबालिकाहरु रहेका छन् । जसमध्ये, छात्रा १७५३ र छात्र १६७८ रहेका छन् ।

### ३.२.२ उदेश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरुमा न्युनतम सिकाइ उपलब्धि हासिल हुनेगरी शैक्षिक गुणस्तर निश्चित गर्नु ।
- आधारभूत तहको शैक्षिक वातावरण बालमैत्री, सिकाईमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीतिहरु

उपयुक्त उद्देश्यहरु हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरु समावेश गर्न सकिन्छ

- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।
- बालबालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने ।
- न्युनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गर्ने ।
- विद्यालयहरुमा खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रबन्ध सहित न्युनतम भौतिक सुबिधा सुनिश्चित गर्ने ।
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
- सबै विद्यालयहरुमा प्राथमिकता प्राप्त न्युनतम आवश्यकता पूरा गराउने ।
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रित्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।



प्रमुख प्रशासकीय अधिकृत

- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुन सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधी तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी कार्यलाई विस्तार गर्ने ।
- दैनिक जीवनसंग सम्बन्धित व्यवहार कुशल सिपहरुलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।
- अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ साग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरुः**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क.स. | सूचक | आधार वर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८६-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यार्थीहरुको संख्या | २१४६ | २१४६ | २१५५ | २१६५ | २१७५ | २१८० |
| २. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको संख्या | ७१ | ७१ | ९० | ९० | ९१ | १०० |
| ३. | न्यूनत्तम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयहरुको | ५ | २ | २ | २ | ११ | १५ |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | | | | | |

### ३.२.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुर्नवितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | २ | ४ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालयको न्युनतम भौतिक फुर्वाधार विकास | भवन | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | विद्यार्थीको सिकाई उपलब्धि परिक्षण | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |
| ६ | शिक्षकको क्षमता विकास | जना | २५ | २५ | २५ | २५ | २५ | १५० | २०० | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | १० | १० | १० | ८ | ५ | ४३ | ४३ | |
| ८ | सूचना प्रविधीको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुन:संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रवन्ध | पटक | निरन्तर | | | | | | | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | संख्या | तथ्याङ्क अनुसार | | | | | | | |
| १२ | पाठ्यपुस्तकको व्यवस्था | सेट | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | थान | ५० | ५० | ५० | ५० | ५० | २२५ | २५० | |
| १४ | विपन्नका लागि ड्रेस, स्टेसनरीका लागि छात्रवृर्ति | जना | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| १५ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| १६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | निरन्तर | | | | | | | | |
| १७ | शैक्षिक मानव संसाधन सूचना | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रणाली स्थापना | | | | | | | | | |
| १८ | बिव्यस,शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो ।
नेपालको संविधानले माध्यामिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरी आम नागरिकका लागि गुणस्तरीत शिक्षा सुनिश्चित गर्न तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । माध्यमिक तहमा साधारण र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षा अन्तर्गत कक्षा ९-१२ मा सञ्चालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाइ हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्र रहेका छन् ।

नौगाड गाउँपालिका भित्र जम्मा ७ वटा माध्यमिक विद्यालयहरु संचालनमा रहेका छन् । ती मध्ये, ४ वटा विद्यालयमा कक्षा १० सम्मको पठनपाठन भइरहेको छ भने, ३ वटा विद्यालयमा कक्षा १२ सम्म पठनपाठन हुन्छ । ३ वटा माध्यमिक विद्यालय कक्षा ९-१० साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त भइ संचालनमा छन् भने १ वटा विद्यालय गाउँपालिकाबाट अनुमति लिइ संचालनमा रहेको छ । कक्षा १२ संचालन विद्यलायमध्ये २ वटा विद्यालय साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त भइ संचालनमा रहेको छ र १ वटा विद्यालय गाउँपालिलकाबाट अनुमति लिइ संचालनमा रहेकोछ । प्राविधिक धारतर्फ श्री गणेश विनायक माध्यमिक विद्यालयमा सि.टि.ई.भि.टी. बाट अनुमति लिइ १८ महिने टि-एस.ई.ई. (पशु विज्ञान) विषयको पठन पाठन भइरहेकोछ ।



प्रमुख प्रशासकीय अधिकृत

### ३.३.२ उदेश्य

- माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
- माध्यमिक तहको शैक्षिक वातावरण बालमैत्री, सिकाईमैत्री, समावेशी र सुरक्षित बनाउने ।

### ३.३.३ रणनीतिहरु

- माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरुको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- सबै विद्यालय न्युनतम सिकाई वातावरण सुनिश्चित गर्ने ।
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।
- शिक्षकको पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।
- शिक्षकहरुका लागि अभिप्रेरणाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- शिक्षण सिकाई पद्धतिमा सुधार गर्ने ।
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।
- विद्यालयहरुलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरुलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ।
- सक्षम र नेतृत्ववदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।
- सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ ।
- माध्यमिक तहको सिकाइ उपलब्धि ७० प्रतिशत पुगेको हुनेछ ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेका हुनेछन् ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्युनतम सिकाई उपलब्धि हासिल गरेका हुनेछन् ।
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाई उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग हुनेछ ।
- माध्यमिक तहको शिक्षामा सुशासन कायम भई गुणस्तरीय शिक्षा प्रवाह हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

## नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी संख्या | ६४१ | ६४१ | ६५१ | ६६१ | ६७१ | ६७१ |
| २. | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी संख्या | ११० | ११० | १२० | १३० | १४० | १५० |
| ३. | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी संख्या | ० | ० | २० | २० | २० | २० |
| ४. | न्यूनत्तम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक तहका विद्यालयहरुको संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |

## प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिकाको प्रबोधीकरण | पटक | १ | | १ | | | २ | ४ | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | १ | | २ | ४ | |
| ३ | विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | शिक्षक | | १० | | १० | ५ | २५ | ३५ | |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | आवश्यकता अनुसार खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक | पटक | १ | | १ | | १ | ३ | ८ | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रबन्ध | | | | | | | | | |
| ७ | विद्यालयको न्युनतम भौतिक पूर्वाधार विकास | भवन | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यार्थी संख्या | | १०० | | १०० | | २०० | ४०० | |
| ९ | शिक्षकको क्षमता विकास | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | १५० | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | ० | ० | ५ | ५ | ५ | १५ | ३० | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ३ | ५ | ५ | ५ | ५ | २३ | ३० | |
| १२ | शिक्षक सहायता प्राणालीको पुन:संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी संख्या | तथ्याङ्क अनुसार | | | | | | | |
| १५ | नि;शिल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, पोसाक तथा स्टेसनरी, दिवाखाजा, छात्रवृत्ति र सिकाइ सामग्रीको व्यवस्था | विद्यार्थी संख्या | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | | | | | | | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | | २ | २ | २ | २ | २ | १० | २० | |
| १९ | विव्यस, शिअसंका पदाधिकारीहरुको क्षमता विकास | पटक | १ | २० | २० | ४० | ४० | १६० | २०० | |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | लक्षित | विद्यार्थी | १० | १० | १० | १० | १० | ५० | १०० | |



प्रमुख प्रशासकीय अधिकृत

| | बालबालिकाहरुका लागि आवासीय प्रबन्ध | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ वर्तमान अवस्था

साधारण शिक्षाले केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुने भएकाले कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । हाम्रो शिक्षा प्रणालीलाई संरचना रुपमा बदल्न र शिक्षाबाट जीवन यापनमा सहयोग पुर्‍याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्व झन् बढेको पाइन्छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यावसायिक सीप विकास गरी गा.पा. मा हरेक प्राविधिक क्षेत्रमा सु-निश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गा.पा. समृद्ध बन्ने कुरामा कुनै दुई मत रहन्न ।

शिक्षालाई सीप, सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौती हुने देखिन्छ । नेपालमा सीप र व्यावसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाको वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न वि.सं. २०६८/०६९ देखि भएको हो । सघन रुपमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद् CTEVT ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

सुदूरपश्चिम प्रदेश दार्चुला जिल्ला अन्तर्गत नौगाड गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ । विगतदेखि नै यस क्षेत्रमा कृषि वा भेटेनरी अन्तर्गत प्राविधिक शिक्षालय स्थापना गर्ने यहाँका जनताहरूको उच्च आकाङ्क्षाहरूको बीचबाट यस अन्तर्गत पर्ने एक वटा माध्यमिक विद्यालयमा पशु विज्ञान विषय अन्तर्गत प्राविधिक तथा व्यावसायिक विद्यालय TSEE सञ्चालनमा आएको छ । यस धारको शिक्षाबाट स्थानीय स्तरमा स्रोत साधानमा आधारित व्यावसायिक सीप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर एवम् स्वालम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यावसायिक विद्यालयको बिकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र संघीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।

### ३.४.२ उदेश्य

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा अवसरसृजना गर्न संयन्त्र विकास गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरहरुलाई सान्द्रभिक उपयोगी र गुणस्तरीय बनाउनु ।



प्रमुख प्रशासकीय अधिकृत

### ३.४.३ रणनीतिहरु

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने ।
- बहुप्राविधिक शिक्षालय तालिम केन्द्र स्थापना सञ्चालन तथा नियमन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारीता र पहुँच बढाउनको निम्ती सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने ।
- आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने ।
- पिछडिएका भौगोलिक क्षेत्र, महिला आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रुपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरुको व्यवस्था गर्ने ।
- विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने ।
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपप्रदायक संस्थाहरुको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजाः

**उपलब्धिः**

- उत्पादनशिल जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रहरुमा प्रयाप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ ।
- स्थानीय तहमा प्राविधिक व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यवसायिक सीपका क्षेत्रहरुमा प्रयाप्त अवसर प्राप्त गरेको हुने ।
- स्थानीय तहमा बहुप्राविधिक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरुको स्थापना भई सञ्चालन हुने ।
- स्थानीय स्तरमा रहेका परम्परागत सीपहरुको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन हुने ।
- वैदेशिक रोजगारबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने
- उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका अवसरमा बृद्धि हुने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सामाजिक, निजी तथा सामुदायिक सहभागितामा लगानी बृद्धि हुने ।



प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख नतिजाहरूः**

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क.स. | सूचक | आधार वर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय संख्या | ० | १ | १ | १ | १ | २ |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | ० | ३० | ३० | ३० | ४० | ५० |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन | विद्यालय | ० | १ | १ | १ | १ | २ | २ | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको भौतिक पूर्वाधार विकास | विद्यालय | १ | १ | १ | १ | १ | १ | २ | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | | १ | १ | १ | १ | १ | १ | २ | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक व्यवस्था | शिक्षक | १ | | | | १ | २ | ४ | |
| ६ | छात्रवृत्ति कार्यक्रम | निरन्तर | ० | २ | २ | २ | २ | १० | २० | |
| ७ | स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | | १ | | | | १ | २ | |
| ८ | खोज तथा नवप्रवर्तनात्मक | | १ | १ | १ | १ | १ | ५ | १० | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यलाई प्रोत्साहन | | | | | | | | | |
| ९ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरुको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | आर्थीक रुपमा पिछडिएका प्रतिभा तथा सीमान्कृत, दलित, अपांगता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो साँस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन् । आफ्नो जीवनको इतिहास आफै लेख्छन् । तसर्थ सिकाइजीवन पद्धतिसँग जोडिएको हन्छ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ, अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ सँस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९-२०८३ ले


प्रमुख प्रशासकीय अधिकृत

अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि ५ वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ सँस्कृतिको प्रवद्र्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण आधारमा समस्या एवं चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसको उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

दार्चुला जिल्लामा विभिन्न गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा संचालन हुँदै आएका छन् । यस कार्यक्रमले निरक्षरहरू विशेषतः १५ देखि ६० वर्ष उमरे समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको थियो । साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषत महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसँग समेत जोडी महिलाको समूह बनाइ बचत तथा ऋणका कार्यक्रमहरू सञ्चालन गरिए । गाउँगाउँमा महिलाहरूको समूह बनाई उनीहरूलाई आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिउ पूँजी वितरण गरियो । समूहका महिला सदस्यहरूले आफ्नो गच्छे अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गाह्रो साह्रो परेको बेलामा सरसापट गरेर अथवा न्यूनतम ब्याजमा त्यो रकमलाई वितरण गर्ने र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्ने र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहँदै आयो । सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षा तर्फको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुनुपथ्र्यो त्यति प्रभावकारी हुन सकेन । तर पनि नौगाड गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेका व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरको जनसंख्यामा कुल साक्षरता ८८ प्रतिशत भन्दा माथि पुगेको छ । नौगाड गाउँपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा छन् । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ सँस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ । यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरूको अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुनसकेको देखिँदैन आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले गाउँपालिकाको साक्षरता सम्बन्धि तथ्याङ्क अद्यावधिक हुन नसकिरहेको अवस्था छ ।



प्रमुख प्रशासकीय अधिकृत

### ३.५.२ उदेश्य

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन अवसर सुनिश्चितता गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.५.३ रणनीतिहरु

- सामुदायिक सिकाइ केन्द्रहरुको समायोजन तथा पुनर्वितरण गर्ने ।
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, सञ्चारमाध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गर्ने ।
- सिकारुका आवश्यका अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुसार सामग्रीको प्रयोग गर्ने ।
- सरोकारबालाहरु संगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारीक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरुको सुदृढीकरण गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न विद्युतिय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित जीवनप्रयन्त सिकाइको थलोका रुपमा विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन् ।
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन् ।
- अनौपचारीक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन गर्ने ।
- सिकारुको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरु कार्यान्वयन हुने ।
- सामुदायिक सिकाई केन्द्र जीवनपर्यन्त सिकाइको केन्द्रका रुपमा विकास हुने ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने ।
- अनौपचारिक तथा जीवनपर्यन्त सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक हुने ।
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथि)* % | | ७५.१ | | | | |
| २. | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथिका महिला)* % | | ६५ | | | | |
| ३. | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | | १ | १ | १ | १ | १ |
| ४. | सामुदायिक पुस्तकालयको संख्या | | १ | १ | १ | १ | १ |

## प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | | | | १ | २ | ४ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | वटा | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रुपमा सञ्चालन | वटा | | | | | १ | १ | २ | |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | निरन्तर | | | | | | | | |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | | निरन्तर | | | | | | | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | वटा | १ | १ | १ | १ | १ | २ | ३ | |
| ९ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | | निरन्तर | | | | | | | |
| १० | संस्थागत प्रबन्ध | | निरन्तर | | | | | | | |
| ११ | अनौपचारीक प्रौढ विद्यालय, खुल्ला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरुलाई | | निरन्तर | | | | | | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | | | | |
| १२ | साक्षर स्थानीय तह घोषणा | | | | | | | | | |

नौगाड गाउँपालिका १० वर्ष शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

विभिन्न आवश्कताका विषयवस्तुहरु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनावद्ध शैक्षिक सामग्रीलाई पाठ्यक्रम भनिन्छ । जसले प्राथमिकतापूर्ण विषयवस्तुलाई समेट्छ र तिनीहरुलाई विद्यालयको नियमित कार्यक्रम अनुरुप कक्षाकोठ सम्म पुऱ्याउँछ । शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । यो गतिशील र लचिलो पद्दती हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिबृद्धिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेशाव्यवसाय छनौट तथा संचालन गर्न र आर्थिक क्रियाकलापमा सहभागी हुन सहयोग पुग्दछ । पाठ्यक्रम सान्दर्भिक विभेद रहित समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित र तथ्यपरक हुनु पर्दछ ।

नेपालमा विद्यालयस्तरको पाठ्यक्रमको लिखित रुपमा तयार पारिएको दस्तावेज वि.सं. २०२८ को राष्ट्रिय शिक्षा योजना पद्दतिको योजनाबाट निर्माण गरेको पाइन्छ । हाल राष्ट्र पाठ्यक्रम प्रारुप २०७६ लागु भइ चरणवद्ध रुपमा विद्यालयमा पाठ्यक्रम लागु भइ रहेका छन् । आधारभूत तह कक्षा १-३, ४-५ र ६-८ का लागि अलग अलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । माध्यमिक तह कक्षा ९-१० र ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय पाठ्यक्रमको निर्माणको जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रलाई छ भने, आधारभूत तहको पाठ्यक्रमको निर्माणको जिम्मेवारी स्थानीय तहको छ । नौगाड गाउँपालिकाको सन्दर्भमा आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय विषय नौगाडको सेरोफेरो कार्यान्वयनमा ल्याइएको छ ।

हालको पाठ्यक्रमले विद्यार्थी मूल्याङ्कलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा लिएको छ । मूल्याङ्कन गर्न निश्चित मापदण्ड र आधारहरु तय गरिएको छ । पाठ्यक्रमका विषयवस्तुहरु सहज ढंगले शिक्षण गर्न सन्दर्भ सामग्री, शिक्षक निर्देशिका र विशिष्टीकरण तालिका तयार गरिएका छन् ।

कुनैपनि पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं. २०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो वि.सं. २०७८ मा कक्षा २, ३, ६ र १२ मा पाठ्यक्रम कार्यान्वयन भयो भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भई सक्नेछ । कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भई रहेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तर सम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने



प्रमुख प्रशासकीय अधिकृत

जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएतापनि कक्षा १-३ सम्म १६० कार्य घण्टा बराबर को मातृभाषा वा स्थानीय विषय र कक्षा ४-८ मा १२८ कार्य घण्टा बराबरको स्थानीय वा संस्कृत विषयका पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएकोछ । मूल्याङ्कन सम्बन्धि नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै आन्तरिक मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-५ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन, ५० प्रतिशत बाह्य मूल्याङ्कनबाट हुने र कक्षा ६-८ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत बाह्य मूल्याङ्कन परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षा मार्फत गाउँपालिका स्तरीय मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ । आधारभूत तह तथा कक्षा ९ को मूल्याङ्कन स्थानीय तहबाट नै हुने व्यवस्था गरिएको छ भने कक्षा १० को एसइइ र कक्षा ११-१२ को आवधिक मूल्याङ्कन भने राष्ट्रिय परीक्षा बोर्ड मार्फत हुने गरेको छ ।

### ४.१.२ उदेश्य

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
- निरन्तर बवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वियन गर्नु ।

### ४.१.३ रणनीतिहरु

- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने ।
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्बोधीकरण गर्ने ।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक पेसागत क्षमता विकास गर्ने ।
- विपद् महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाई सामग्री, स्वअध्ययन तथा सन्दर्भ साग्रीहरु उपलब्ध हुने व्यवस्थाजो सिनिश्चितता गर्न ।
- माध्ययम भाषाका रुपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिका लाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससंग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा प्रयोग गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | एकिकृत पाठ्यक्रम लागू गरेका विद्यालय संख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | २० | २० | ४३ | ४३ | ४३ | ४३ |
| ३. | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | २० | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ४. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न् विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ५. | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धी सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | ५ | ५ | ५ | ५ | ५ |

### ४.१.४ प्रमुख क्रियाकलाप र परमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन | पटक | १ | | | | | १ | २ | |
| २ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक पेसागत सहयोग | शिक्षक | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | डिजिटल सामग्रीको प्रयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | निःशुल्क पाठ्यपुस्तक | विद्यार्थी | सबै विद्यार्थी | | | | | | | |
| ९ | बहु पाठ्यपुस्तक | | १ | | | | | १ | १ | |
| १० | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | १ | | | | | १ | १ | |
| ११ | माध्यम भाषाका रुपमा मातृभाषाको प्रयोग | विद्यालय | १० | १० | १० | १० | ३ | ४३ | ४३ | |
| १२ | सुपरिवेक्षक तथा अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

शिक्षा विकास र सेवा प्रवाहमा प्रभावकारीता, दक्षता, समता, समानता, वातावरण मैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ । यसको लागि जनशक्ति योजना, दरबन्दी सिर्जना तथा भर्ना उपयोग विकास सेवा सुविधा, सामाजिक सुरक्षा (तलब, भत्ता, पोशाक, बिमा, औषधि उपचार आदि) पेशागत विकास पर्दछन् । शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपूर्ति माग, प्रतिशत निर्धारण दरखास्त आव्हान तथा संकलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक) उम्मेदवारहरूको मूल्याङ्कन तथा छनौट नतिजा प्रकाशन सूचना प्रकाशन नियुक्तिका लागि सिफारिस नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन् । यसका अतिरिक्त का.स.मू. जिम्मेवारी, वृत्तिविकास, सरुवा, बढुवा आदि गरिने गर्दछ । शिक्षकहरूको तालिम, अवलोकन भ्रमण, अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा तह वृद्धि उनको सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन् । व्यवस्थापनकै क्रममा शिक्षक सेवा र सुशासन शिक्षा सेवा र संघीय शासन प्रणालीको अन्त्य गरी संवैधानिक प्रावधान अनुकूल विद्युतीय सेवा प्रवाह र विश्वव्यापीकरण (न्यिदबष्शिबतष्यल) विविधता व्यवस्थापन, समतामूलक (समानतामूलक) न्याय वितरणकारी पुन वितरणकारी न्याय जस्ता विषयवस्तुहरु अहिले उठेका सवालहरू हुन् ।

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था,अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक व्यवस्थापन भित्र पद स्वीकृति शिक्षक भर्ना,



प्रमुख प्रशासकीय अधिकृत

छनोट, सरुवा, बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धि सम्पूर्ण व्यवस्थापकीय कार्य पर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो । यो आफैमा बुहआयामिक विषय हो । निरन्तर प्रक्रिया हो, अन्तरनिहित यात्रा हो र आफैमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथि उठ्न सक्दैन । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् ।

शिक्षकको व्यावसायिकता बढोत्तरीको लागि सिकारुको सर्वोच्चताको लागि तालिम चाहिन्छ । शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक शासन विकासका सेवा प्रवाह,सुशासन,समृद्धि,रोजगार र अवसर प्रदान गर्न व्यवस्था गर्दछ यसले अनुभूति दिलाउँछ । शैक्षिक क्षेत्रका समग्र ज्ञानेन्द्रिय तथा कर्मेन्द्रिय आधार नै शिक्षक व्यवस्थापन हो । सरकार, सिकारु र शिक्षक बीचको सम्बन्धनै शिक्षक व्यवस्थापन तथा तालिम नै हो ।

बदलिदो परिवेश अनुसार आवश्यक शिक्षाको लागि योग्य व्यावसायिक रूपमा दक्ष पेशा प्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षक हुनु आवश्यक छ । शिक्षकमा भएको ज्ञानको प्रभाव शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा पर्दछ । योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । भनिन्छ जस्तो माटो त्यस्तै कमिला । त्यसै गरी जस्ता शिक्षक त्यस्तै विद्यार्थी । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षक नै हुन् । भनाइ छ एउटा डाक्टर एउटा बिरामीका लागि घातक हुन्छ भने एउटा अयोग्य शिक्षक लाखैं बालबालिकाको लागि घातक हुन्छ । शिक्षा नीति, ऐन नियम योजनामा सरोकारवालाहरूलाई अदेखा गर्यो भने त्यो कागजको रुप मात्र हुन्छ । फल दिदैंन । तसर्थ शिक्षक व्यवस्थापन महत्वपूर्ण हुन्छ ।

योग्य सक्षम कशु ल र उत्प्रेरित शिक्षकले नै गुणस्तरीय सेवा पव्राह गर्न सक्छ । शिक्षकलाई पुनर्ताजगी गराउन तालिम आवश्यक छ । नयाँ प्रणालीसँग परिचित हुनलाई समेत तालिमको आवश्यकता पर्दछ । गाउँपालिकाको यस योजनामा शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने,शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ । शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य पूरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ उदेश्य

- तहगत, कक्षागत तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु ।
- सुपरिवेक्षक, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- शिक्षकको निरन्तर पेसागत विकासका असरहरूको सुनिश्चितता गर्नु ।



प्रमुख प्रशासकीय अधिकृत

### ४.२.३ रणनीतिहरु

- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
- रिक्त शिक्षक दरबन्धीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।
- शिक्षकको निरन्तर पेसागत विकासका लागि संग तथा प्रदेशसंगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धी सेवाकालिन तालिम सञ्चालन गर्ने ।
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा पथप्रदर्शन पद्दतिको विकास गरी कार्यान्वयनमा ल्याउने ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
- शिक्षक तथा प्रधानाध्यापाकको वृतिविकास विद्यार्थीको सिकाई सुधारसंग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ ।
- शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ ।
- पेसागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण हुनेछन् ।
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुनेछ ।
- शिक्षकको वृत्तिविकासका लागि माइनयोग्य, पारदर्शी र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | ९६.८ | ९६.८ | ९६.८ | ९६.८ | ९६.८ | ९६.८ |
| ३. | माध्यमिक तह (९-१२) मा कार्यरत न्यूनत्तम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | १०.१५ | १०.१५ | १५ | २० | २५ | २५ |
| ४. | सूचना तथा प्रविधि सम्बन्धी न्युनतम सक्षामता भएका शिक्षक (%) | १५ | २० | २५ | ३० | ३५ | ४० |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | शिक्षक पेशागत सहयोग प्रणाली लागू भएका विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ |

## ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरुवा | शिक्षक | १० | १० | | ५ | | २५ | ५० | |
| २ | अस्थायी तथा गाउँपालिका स्रोतबाट नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | थान | १ | १ | १ | १ | १ | २ | ४ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरुलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | जना | १० | | १० | | १० | ३० | ६० | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | थान | १ | | | | १ | २ | ४ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोग कक्षा सञ्चालन गर्ने | जना | १० | १२ | १० | १५ | १५ | ५२ | १०४ | |
| ६ | उपचारात्मक शिक्षण पद्वति लागू गर्ने | जना | १० | १२ | १० | १५ | १५ | ५२ | १०४ | |
| | | | | | | | | | | |
| ७ | अपाङ्गता भएका बाल बालिका लागि विषेश व्यव्सथा | जना | विद्यार्थी संख्याका आधारमा | | | | | | | |
| ८ | पुस्तकालय र पुस्तक कुना | वटा | ५ | ५ | १० | १० | १० | ४० | ८० | |
| ९ | सूचना र प्रविधि प्रयोशाला | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विज्ञान प्रयवगशाला | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | प्राविधिक तथा व्यावसायिक शिक्षाधार सञ्चालन भएकाविद्यालयमा प्रयोगशालाको व्यवस्था | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षण तथा सिकाइ | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्रीको व्यवस्था | | | | | | | | | |
| १३ | इन्टरनेट सेवाको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | सबै विद्यालय | | | | | | | | |
| १६ | परीक्षाको नतिजा विश्लेषण | सबै विद्यालय | | | | | | | | |
| १७ | शिक्षकले शिक्षण सिकाइमा बिताउने समय वृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | निरन्तर | | | | | | | | |
| २१ | सिकाइ आदान प्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जाल निर्माण | पटक | | | | | | | | |
| २२ | विज्ञ समूह गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | सहपाठी कक्षा अवलोकन | निरन्तर | | | | | | | | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २६ | कार्य सम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | जना | सबै विद्यालयहरुमा | | | | | | | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

पहुँचु र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुँदैन । यो आफैंमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । नौगाड गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राहमण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरुको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएका समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । सम्पति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक


प्रमुख प्रशासकीय अधिकृत

विभेदे विद्यमान छ । बालबालिकाहरु विशेषतः अपाङगता भएका, दलित विपन्न परिवारमा जन्म भएका आदिहरुको लागि शिक्षामा पहँचु कठिन रहेको छ । विविधतालाई पहिचान दिनु, सम्मान गर्नु मनोरञ्जन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहन हनु आवश्यक छ । बालबालिकामा भएका भिन्नताहरुदेखि पहँचु सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समता बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ । ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागितामा कायम गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसका कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्ता बाधाहरु ठाउँपिच्छे भिन्न फरक छन् । यस्ता चुनौतीहरु हटाई विविधता अनकूल हुनेगरी शिक्षामा सबैको सहज पहँचु , सहभागिता तथा सिकाइका लागि समता तथा समावेशीता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो ।

शिक्षा पाउनु सबै बालबिलकाको नैसर्गिक अधिकार हो । नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधिन्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । समावेशी शिक्षा भन्नाले भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै घरनजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ । बालबालिकाको रुची, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरुलाई सुहाउँदा शिक्षा अरु बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गिकार गरेको छ ।

अवसर पाएका सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शक्षाले अरु थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कन, बढ्ने र पढ्ने एवम् प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरु सुझाउँछ । विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक-सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिदाँ बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको समान्य‌ँ कदर गर्न सिक्छन् । नेपाल सामाजिक साँस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, साँस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोवास छ । विविधताको सम्मान र समता तथा समावेशिताको अभिबृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु आवश्यकछ ।

नौगाड गाउँपालिकामा समुदायमा आधारित बालविकास केन्द्र सहित ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन् । कतिपय विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन् । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहँचु वृद्धिका लागि आवासीय तथा गैर



प्रमुख प्रशासकीय अधिकृत

आवासीय छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोर्टिङ नभएकाले संख्या कम देखिन गएको छ । ती बालबालिकाहरु, विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु सडक बालबालिकाहरु, जटिल रोगहरुबाट पीडित बालबालिकाहरु, अभिभावक र सहाराबिहीन बालबालिकाहरु समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेको छैन । त्यस्ता प्रकारका बालबालिकाहरु समेत विद्यालय शिक्षाको पहँचु बाहिर रहेको देखिन्छ । विद्यालय भर्ना भएका बालबालिकाहरुलाई आवासीय र गैर आवासीयरुपमा तोकिएको नियमका आधारमा छात्रवृति पनि प्रदान गरिने गरिन्छ । खासगरी आधारभतू तहका कक्षा १-८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरूलाई कुनै न कुनै रुपमा सहयोग गर्रिंदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनका क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । बहिरा बालबालिकाहरु, सुस्त मनस्थितिका बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुका छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेका स्रोतकक्षा पठाइ उनीहरुलाई शिक्षामा पहुचँको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहँचु भने पुग्न सकिरहेको छैन् ।

### ४.३.२ उदेश्य

- लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
- लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागिता बृद्धि तथा सिकाइ उपलब्धी सुधार गर्न ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.३ रणनीतिहरु

- विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरु पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमेत्रि बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारुप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने ।
- अपाङ्गताको किसिम तथा स्वरुप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकता अनुसार विशष विद्यालयको प्रबन्ध गर्ने ।
- छात्रवृत्तीका लागि विपन्न लक्षित गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालबालिकाहरु सहभागी हुने व्यवस्था गर्ने ।
- कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
- विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रदान गर्ने ।
- आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।



प्रमुख प्रशासकीय अधिकृत

- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सीपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेशी गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गर्ने ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भइ सिकाई उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा लैंगिक समता सूचक | १.०४ | १.०४ | | | | |
| २. | माध्यमिक तहमा लंगिक समता सुचक | १.६३ | १.६३ | | | | |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसारको वैकल्पिक शैक्षिक निरन्तर कार्यक्रमहरु तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखिकरण गरी निरन्तर उपयुक्त शिक्षाको | विद्यार्थी संख्याको आधारमा | | | | | | | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रबन्ध | | | | | | | | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | बालकेन्द्रत शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरुको अवलम्बन | | | | निरन्तर | | | | | |
| ५ | बालबालिकाहरुको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरुलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षामा समाता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरुबीच जवाफदेहितासहितको कार्यगत समन्वय | पटक | | | १ | | १ | २ | ४ | |
| ८ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धी सुधार गर्न प्रोत्साहन गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरु सहज रुपमा उपलब्ध हुनुपर्दछ । यस्ता आधारभूत स्वास्थ्य, सरट्टपाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ (Bundy et al., 2018) । बालबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गरद् हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबनध हुनु आवश्यक छ । खासगरी ९-१० वर्षको उमेरदेखि बालबालिकाहरुको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ ।

विद्यालयमा आधारित स्वास्थ्यका लागि पोषण सम्बन्धी कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित अनुपस्थित हुन तथा बीचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धी सुधार गर्न सहयोग गर्दछ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धि अधिकारहरु, खाद्य सम्प्रभुतासम्बन्धी कानून, राष्ट्रिय स्वास्थ्य नीति, २०७६ राष्ट्रिय शिक्षा नीति, २०७६, बालबालिकासम्बन्धी कानून इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेका छन् ।

नौगाड गाउँपालिकामा विगतदेखि सामुदायिक विद्यालयमा अध्ययनरत शिशु कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीहरुलाई विश्व खाद्य कार्यक्रमले विद्यालयमा प्रतिविद्यार्थी ८० ग्राम चामल, २० ग्राम दाल, १० ग्राम तेल र २ ग्राम नुन निःशुल्क रुपमा उपलब्ध गराएको छ । यसबाट विद्यालयमा दिवा खाजाको व्यवस्थापन गरिएको छ । खाना पकाउने व्यवस्थापन विद्यालयले नै गरेको छ । यसका साथै प्रति विद्यार्थी ४० ग्रामका दरले तरकारीको व्यवस्था गैरसरकारी संस्था मर्सिक्रप्सले गरेको छ । नेपाल सरकारको सबैका लागि खाद्य सम्प्रभुताको हक, दीगो विकास, गरिबी उन्मुलन तथा भोक उन्मुलन र सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चितता सम्बन्धमा भएको नीति अनुसार नौगाड गाउँपालिकाले "सामुदायिक विद्यालय, दिवा खाजा कार्यक्रम संचालन कार्यविधि, २०७९", जारी गरेको छ । आगामी आर्थिक वर्षदेखि सो कार्यविधिमा उल्लेखित मेनुको आधारमा विद्यालयमा दिवाखाजाको व्यवस्थापन गरिनेछ ।

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबलिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट छ । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरेको विद्यालयहरुमा खानेपानी तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी, अलग-अलग बाललैङ्गिक, अपाङ्गता, र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण, महिनावरी स्वच्छता व्यवस्थापन, स्वच्छ तथा सफा खाजघर, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन र दीगोपनका लागि संस्थागत व्यवस्था रहेकाछन् । विद्यालयहरुमा निःशुल्क सेनटरी प्याड



प्रमुख प्रशासकीय अधिकृत

वितरण भइ रहेकोछ । एउटा विद्यालयमा भण्डिङ मेसिन जडान गरिएको छ । विद्यालयहरुमा खानेपानीको बालमैत्री टिपटप धारा जडान गरिएका छन् ।

### ४.४.२ उदेश्य

- बालबालिकालाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीतिहरू

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा दिवा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सरसफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाँउ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइकव प्रबन्ध र घेरवारको व्यवस्था गर्ने ।
- विद्यालयहरुमा प्राथमिक उपचार किट, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्मपोषक तत्व प्रदायक भिटामिन 'ए' तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरुका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकरी बनाउने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरुसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारहरुको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजा लगायत स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- विद्यालयमा अपध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिबृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।
- प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरुले स्वस्थ्यकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीकाहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था हुनेछ ।
- विद्यालयहरुमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक जुकाको औषधि तथा सुक्ष्म पोषक तत्व वितरण र किशोरीहरुका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र. स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका * (%) | ९८ | ९८ | १०० | १०० | १०० | १०० |
| २. | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका * (%) | ९९ | ९९ | १०० | १०० | १०० | १०० |
| ३. | दिवा खाजा प्राप्त गर्ने कक्षा | ७ | ७ | ७ | १० | १० | १० |
| ४. | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | ५ | ५ | ५ | १० | १० | १० |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | १० | १० | १० | १० | ३ | |
| ६ | नर्सिंग सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ० | ० | २ | २ | २ | २ |

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा | पटक | १ | | | | | १ | २ | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वच्छतासम्बन्धी मापडण्ड एवम् कार्यान्वयन ढाँचा विकास | | | | | | | | | |
| २ | विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |
| ३ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | | | १ | | | १ | २ | |
| ४ | स्वस्थ्यकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |
| ५ | तालिम/ प्रचार/ प्रसार मेनु तयारी र अन्य आवधिक क्षमता अभिवृद्धि क्रियाकलाप | निरन्तर | | | | | | | | |
| ६ | दिवा खजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाइ तालिम तथा सहयोग | पटक | | १ | | | १ | २ | ४ | |
| ७ | कार्यक्रमको प्रभावकारीता कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटिको अध्ययन | पटक | १ | | | | | १ | २ | |
| ८ | विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त पानी, साबुन तथा सफाइसामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागी अलग अलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेनज रुम ,प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने | निरन्तर | | | | | | | | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यव्सथा | | | | | | | | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरुका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | निरन्तर | | | | | | | | |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरु भिटामिन ए ,र आइरन फोलिक एसिड आदि प्रदान | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |
| १२ | विद्यालयमा स्वास्थ्य सरसफाइ तथा स्वच्छता पोषण र किशोररुहरुका लागि महिनावारी स्च्छतासम्बन्धी शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.५ विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

विश्वमा बेलाबेलामा देखापर्ने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द्व, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट वञ्चित नहुन भन्ने उद्देश्यका साथ र उनीहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिँदै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिन्छ । यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्नु रहेको छ । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएको हुन्छ । नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

गरिँदै आएको छ । विषेशत देशमा लामो समयसम्म चलेको आन्तरिक द्वन्द्व, २०७२ सालको भूकम्प, कोभिड १९, लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस् भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) मा समेत यसलाई समावेश गरिएको छ । यसै महत्वलाई मध्यनजर गर्दै नौगाड गाउँपालिकाले पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरु समावेश गरिएको छ ।

नेपालको संविधानले अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ । बृहत विद्यालय न्यूनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद् जोखिम व्यस्थापन, विपद् जोखिमको न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति, २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत तथा विपद्को समयमा समेत विद्यालय शिक्षालाई कायम राखि राख्नु पर्ने कुरालाई जाडे दिएका छन । नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्ता विपद्ले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन् । विकट भौगोलिक अवस्था भएको नौगाड गाउँपालिकाका विद्यालयहरु पनि विशेष पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन् । हालको कोभिड-१९ को विषम परिस्थितिले त झन् आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताका आधारमा लागु गर्न तयार रहनुपर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७ । ०२ । १८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरु, स्वअध्ययन, दूर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात् गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ । प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठ्याक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिँदैन । तर पनि विगतका अभ्यासहरुका आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ । तर आपतकालीन अवस्थाको शिक्षा योजना बनाउँदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । यसका साथै स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासँग कसरी तारतम्य मिलाउने? योजना अल्पकालीन बनाउने की दीर्घकालीन बनाउने भन्ने जस्ता चुनौतीहरु भने रहि नै रहेका छन् । यस्ता चुनौतीहरुलाई विचार गर्दै गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउँदा अवस्थाको आँकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीका कुराहरुलाई महत्वकासाथ सम्बोधन गर्नुपर्दछ ।

### ४.५.२ उदेश्य

- विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।



प्रमुख प्रशासकीय अधिकृत

- सम्भावित वपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइ विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीतिहरु

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्लाभसम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरु तयार गर्ने ।
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरुका बारेमा जानकारी गराउने ।
- कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरुको तयारी गर्ने ।
- शिषाक्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरुको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्रउपकरण, खाद्यन्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
- विपद् व्यस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
- विपद् तथा प्रकोप र शान्तिसुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरुबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षाजस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाचाँमा विकास भएको हुनेछ ।
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | बालबालिकालाई आधारभूत | २ | २ | २ | २ | २ | २ |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जीवन-सीप सहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनिकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय संख्या | | | | | | |
| २. | हरित विद्यालय संख्या | २ | २ | २ | २ | २ | २ |
| ३. | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय संख्या | २ | २ | २ | २ | २ | २ |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | १ | २ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ३ | ४ | २२ | ४३ | |
| ३ | विपद् पुर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सङ्कटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विपद् प्रतिरोधी विद्यालय भवन निर्माण | भवन | २ | २ | २ | २ | २ | १० | २० | |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

विद्यालय भर्ना भएका बालबालिकाहरुका लागि सुरक्षित विद्यालयमा पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वधार विद्यालयका आधारभूत नभइ नहुने संरचना हुन । एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालबलिका तथा आधारभूत तह प्रारम्भिक कक्षाका लागि प्रतिविद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ मा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरु तयार गर्ने विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउने सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ ।

नौगाड गाउँपालिकामा हाल ४३ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयहरु छन् । पालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पक्की विद्यालय भवन छैनन् । भएका भवनहरु अपाङ्गमैत्री छैनन् । विद्यालयमा सबै विद्यार्थीहरुका लागि कक्षाकोठको अभाव छ । विद्यालयमा छात्रछात्राका लागि अलग-अलग शौचालय सबै विद्यालय छैनन् । शौचालयमा पानीको व्यवस्था हुन सकेको छैन् । विद्यालयहरुमा अलगै प्रयोगशाला कक्ष, कम्प्युटर कक्षको व्यवस्थापन हुन नसकेको । पहाडी भू-भाग भएको कारणले खेलमैदानको अभाव छ । वर्षायाममा बाढीपहिरोका कारणले विद्यालयको भौतिक संरचनामा क्षति हुने गरेको छ । कतिपय विद्यालयहरुमा विद्यालय भवन निर्माणाधीन अवस्थामा रहेका छन् ।

### ४.६.२ उदेश्य

- विद्यालय शिक्षाका लागि आवश्यकता मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वधार विकास, मर्मत सम्भार तथा प्रबलीकरण गर्नु ।

### ४.६.३ रणनीतिहरु

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रका आधारमा मापदण्ड विकास गर्ने ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
- विद्यालय पूर्वधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मतसम्भार गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- सबै विद्यालयमा पर्याप्त रुपमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भौतिक संरचना निर्माण हुने ।



प्रमुख प्रशासकीय अधिकृत

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८६-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | भुकम्प प्रतिरोधी विद्यालय | २ | २ | २ | २ | २ | २ |
| २. | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा संख्या | १० | १० | १० | १० | १० | १० |
| ३. | सबलीकरण गर्नुपर्ने कक्षाकोठा संख्या | १० | १० | १० | १० | १० | १० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | २ | २ | २ | २ | २ | २ |

## ४.६.५ मुख्य कृयाकलापहरुः

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | कक्षाकोठा | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| २ | विद्यालयहरुको सबलीकरण | कक्षाकोठा | २ | २ | २ | २ | २ | १० | २० | |
| ३ | विद्यालयहरुमा बनेका संरचनाको संवर्द्धन तथा मर्मतसम्भार र फर्निचर व्यवस्थापन समेत | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचाल, पानी तथा सरसफाईको प्रबन्ध | वटा | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | प्रारम्भिक बालबिकासका लागि पानी तथा सरसफाईका साथै अलग्गै शौचालय | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | अपाङ्गतामैत्री संरचना निर्माण | वटा | २ | २ | २ | २ | २ | १० | २० | |
| ७ | बृहत विपद् जोखिम व्यवस्थापन तथा उत्थानसिल योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

आजको एक्काइसौं शताब्दीको समयलाई सूचना प्रविधिको युग भन्ने गरिन्छ । सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रुपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरिन्छ । आजको समयमा वैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिको प्रयोगले अकल्पनीय परिवर्तन ल्याएको छ । पारम्परिक मूल्य मान्यतालाई सूचना प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरिएको ठाउँमा नवीन मूल्य मान्यतालाई स्थापित गर्दै लगेको आजको समयको वास्तविकता हो । शिक्षा तथा सूचना र सञ्चार प्रविधि बीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्वपूर्ण अवयवको रुपमा रहन गएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ । शिक्षाका पाठ्यक्रम निर्माण देखि त्यसको कार्यान्वयन मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक प्रतिष्ठानहरुमा जुनसकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने सूचना प्रविधिबिना अघि बढाउने प्रयत्न गरिएमा त्यो अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नु पर्छ ।

युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेको मुलुकको शैक्षिक, आर्थिक सामाजिक, साँस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहँचु हुने मुलुकहरुको बीचमा ठूलो खाडल रहेको आभास हुन्छ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सचू ना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कमगर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरु गर्नुपर्ने भएको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा, स्मार्ट बोर्ड तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरु शिक्षण सामग्रीका रुपमा परम्परागत सामग्री भन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रुपमा प्रयोग क्रम बढिरहेको छ । सूचना प्रविधिको विकासले भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाउँ अन्यत्र भएका प्रयोगात्मक कक्षाको श्रव्यदृश्य सामग्रीको प्रयोग गरेर देखाउन सकिन्छ । सूचना प्रविधिको द्रुतर विकास, बढ्दो प्रयोग, यसमा निहीत विषयवस्तुको उपयोग र घट्दो मूल्यका कारण शिक्षण सिकाइप्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुदै आएको छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफना प्रतिक्रियाहरु पनि तुरुन्तै प्रदान गर्न सकिन्छ । जसले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने सेतुको कार्य गर्छ । यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रुपमा पनि दक्ष बनाउनु पर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरु प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् । नेपाल सरकारले आफ्नो बजेट तथा कार्यक्रमहरुमा सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दूरसञ्चार कोषको आधार बनाउने कुरालाई अगाडि बढाइरहेको छ । सूचना तथा प्रविधिलाई मुलुकको पुनसंरचनाको लागि एक महत्वपूर्ण आधारको रुपमा स्वीकार गरी शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तनसमेत आवश्यक छ । यसैगरी शैक्षिक नीति निर्माताले शिक्षण सिकाइको



प्रमुख प्रशासकीय अधिकृत

गुणस्तरलाई वृद्धि गर्नका लागि सफलतापूर्वक सूचना प्रविधिको शैक्षिक सेवाहरु दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्ने तर्फ योजना बनाउनुपर्छ । सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि वृद्धि हुन्छ र सबै प्रकारका विद्यार्थीको सहभागितामा हुने सिकाइलाई बढवा दिन सकिन्छ । अफलाईन तथा अनलाइन दुवै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने र शिक्षा लिने प्रक्रिया र क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठा बढी सजीव र प्रभावकारी हुन्छ । इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति नै ल्याएको छ । सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ । नौगाड गाउँपालिका पनि यस अन्तर्गत रहेका सबै विद्यालय शिक्षामा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ ।

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अंभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ । यी चारवटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकामा यी सिद्धान्तहरु अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

उक्त गुरुयोजनाले पहिचान गरेका चारवटा प्राथमिकताका क्षेत्रहरुमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारवटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरु निर्धारण गरेका थियो । यी क्षेत्रहरु हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकाले तदनकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरु अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टी गरेको छ । विभिन् प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्य मा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्णसहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा सञ्चारको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।



प्रमुख प्रशासकीय अधिकृत

नेपालको संविधानले राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्र प्रति समर्पित जनशक्ति तयार गर्ने विषयलाई महत्वका साथ समावेश गरेको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ । सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने नीति र सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ । नौगाड गाउँपालिका सूचना प्रविधिको अवस्था प्रारम्भिक चरणमा रहेको छ । हालको कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रिया यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ । शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि नौगाड गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमहरुमा प्रत्येक विद्यालयहरुलाई सूचना प्रविधि क्षेत्र प्रयोगका लागि वार्षिक रुपमा आधारभूत (६-८) र माध्यमिक विद्यालयहरुमा ICT कार्यक्रम सञ्चालनमा ल्याएको छ । विशेष गरी लेखा र कम्प्युटर शिक्षकहरुलाई ICT तालिमको वस्थापन प्रारम्भ गरिएको छ । विद्यालयमा पुस्तकालय स्थापनासँगसँगै इ-लाइब्रेरि व्यवस्था पनि गर्न सुरु गरिएको छ । यस गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था सुधारोन्मुख रहेपनि धेरै समस्या र चुनौती समेत रहेका छन् । वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरुले प्रारम्भ गरे पनि विभिन्न कारणहरुले यसको प्रगतिमा समस्याहरु देखिएका छन् । इन्टरनेट सुविधाको अभाव, सबै विद्यार्थीसँग स्मार्ट मोबाइल नभएको, डाटाहरुको व्यवस्थापनमा कठिनाइ भएको, ऋग्न् सेवा सहज उपलब्ध हुन नसकेको, सबै विद्यार्थीहरुलाई आवद्ध गर्न कठिनाइ भएको देखिन्छ ।

### ४.७.२ उदेश्य

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुर्‍याउनु ।
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३ रणनीतिहरु

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
- शिक्षकलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणाली सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
- शैक्षिक स्रोत सामग्रीहरुको इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीको पहुँच विस्तर गर्ने ।

४.७.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवद्र्धन हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| **क्र.स.** | **शिक्षामा समता र समावेशीकरण** | **आधारवर्ष (२०८१-८२)** | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको संख्या | १० | १० | १० | ५ | ५ | ३ |
| २. | शिक्षण सिकाइ क्रियाकलाप मा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | १० | १० | १० | ५ | ५ | ३ |
| ३. | मुख्य विषयमा डिजिटल पाठ्यसामाग्री प्रयोग गर्ने विद्यालय संख्या | १० | १० | १० | ५ | ५ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | १० | १० | १० | ५ | ५ | ३ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय संख्या | १० | १० | १० | ५ | ५ | ३ |

**४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष**

| **क्र स** | **प्रमुख क्रियाकलापहरु** | **एकाइ** | **भौतिक लक्ष्य ५ बर्ष** | | | | | | **भौतिक लक्ष्य १० बर्ष** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| ३ | शिक्षकहरुको क्षमता विकास | पटक | | १ | | १ | | २ | ४ | |
| ४ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक विद्युतीय सामग्रीको उपलब्धता | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| ५ | IEMIS व्यवस्थापन | विद्यालय | सबै विद्यालयहरुमा | | | | | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास | केन्द्र | २ | २ | | | २ | ६ | १२ | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद ५

## सुशासन तथा व्यवस्थापन

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ५.१.१ वर्तमान अवस्था

हाम्रो देश नेपालको हालको संरचना अनुसार तीन तहको सरकार रहेको छ । यी तीन वटै तहका सरकारका आआफ्नै जिम्मेवारी र अधिकार रहेका छन् । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुन सक्छ । त्यसकारण देशको सङ्घीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएका संख्यात्मक विस्तार, ज्ञान, विज्ञान प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक रहेको छ । देशको वर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । यस नौगाड गाउँपालिकाको शैक्षिक योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परिवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक गर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । योजनाको यस खण्डमा तीनै तहका सरकारहरु बिच समन्वय गर्दै सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यामान पद्धतिको समिक्षा गरिएको छ ।

देशको संघीय संरचना अनुसार वर्तमान अवस्थामा संघ वा केन्द्रमा शिक्षा सम्बन्धी कार्य सञ्चालन गर्ने निकाय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग, चिकित्सा सेवा आयोग लगायत क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन र कतिपय क्षेत्रमा भएका प्रादेशिक ऐनहरुको पूर्ण रुपमा कार्यन्वयन हुन नसकिरहेको अवस्था देखिन्छ ।

त्यसैगरी तत्कालीन शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरू प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालय प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालय परिवर्तन भएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । लोक सेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा



प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुर्‍याउने लक्ष्यका आधारमा करिब ७०० जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४ (घ) १ को बढुवाले सिर्जना गरेको अव्यावहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । देशमा शासकीय स्वरुप संघीय रहे तापनि कतिपय कानूनको अभाव र संघ र प्रदेशको स्पष्ट कार्य विभाजन हुन सकिरहेको छैन् । यसका लागि स्पष्ट कानूनी स्वरुप र दिगो कार्यान्वयनको आवश्यकता रहेको देखिन्छ । स्थानीय सरकारका कामलाई सहज बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखिएको छ । एकातिर समन्वयका लागि कार्य भएको जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि प्रभावकारी नरहेको अवस्था देखिएको छ । शिक्षा विकास तथा समन्वय इकाई र प्रदेश शिक्षा विकास निर्देशनालयका आपmना ठूला संरचना र पूर्वाधार छन् तर तिनीहरुको उचित उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुङ्गो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नु पर्ने देखिन्छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका लागि संघ र प्रदेशसँगको सम्बन्ध तथा समन्वय र क्रियाकलापहरुका बारेमा स्पष्ट रुपरेखा तयार पारी अगाडि बढ्नु पर्दछ ।

### ५.१.२ उदेश्य

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
- जनशक्तिको लागि संस्थागत क्षमता अभिबृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ५.१.३ रणनीतिहरु



प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय तहमा शिक्षाकव व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्नु ।
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्नु ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोतसाधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | ५ | ५ | १० | १० | १० | १० |
| २. | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | १० | ५ | ५ | ५ | ५ | ५ |
| ३. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय संख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |

### ५.१.५ प्रमुख कृयाकलाप र परिमाणात्मक लक्ष्यः

| क. स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | | | | | १ | २ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | १ | १ | १ | १ | १ | १ | १ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | अनौपचारीक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गर्ने | पटक | १ | | | | | १ | २ | |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाई तथा स्वच्छता विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ वर्तमान अवस्था

नौगाड गाउँपालिकाले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्दै आएको छ । यस क्रियाकलाप अन्तर्गत गाउँपालिका भित्रका हरेक शाखाहरुसँगको सहकार्य र समन्वयमा आवश्यक छलफल, अन्तर्क्रिया जस्ता क्रियाकलापहरु गरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दै आएको छ । शिक्षा क्षेत्रको आफ्नै छुट्टै योजना बनि सकेको नभए पनि वार्षिक नीति तथा कार्यक्रम, गाउँपालिकाको



प्रमुख प्रशासकीय अधिकृत

रणनीतिक योजनामा शिक्षा क्षेत्रको समग्र विकासलाई समेटर त्यसै अनुसार स्थानीय शिक्षा योजना अहिले अगाडी बढेको छ ।

नौगाड गाउँपालिकामा हाल शिक्षा, युवा तथा खेलकुद शाखामा १ जना शिक्षा अधिकृत, १ जना प्राविधिक सहायकको दरबन्दी रहेकोमा १ जना प्राविधिक सहायक, १ जना स्रोतव्यक्ति (काजमा) र १ जना सहायक कम्प्युटर अपरेटर कार्यरत रहेका छन् । गाउँपालिकाको वार्षिक योजना तथा बजेट, नीति तथा कार्यक्रम अनुसार शैक्षिक क्षेत्रका गतिविधिहरु संचालन हुदै आएको छ । शिक्षा क्षेत्रमा पहुँच, संस्थागत विकास, समतामूलक सहभागीता जस्ता मूल सिद्धान्तलाई अंगिकार गर्दै आवश्यक स्रोत साधनको व्यवस्थापन, परिचालन तथा अनुगमन गर्दै आएको छ ।

### ५.२.२ उदेश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीतिहरु

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कारयक्रमह्यरु प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरुको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विदयालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने ।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।
- अभिभावक तथा सरोकारवालहरुसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरु आयोजना गर्ने सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकाइहरुका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआजर्न र सीप विकासका कार्यक्रमहरु संचालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रुपमा समेत कार्य गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

### ५.२.४ प्रमुख उपलब्धी तथा नतिजाः

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता भएको हुनेछ ।

### ५.२.५ प्रमुख कृयाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | आवश्यकता अनुसार | | | | | | | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | | | | | | | | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | अनौपचारीक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

नौगाड गाउँपालिका १० बर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद ६

# लगानी र स्रोत व्यवस्थापन

## ६.१ वर्तमान अवस्था

शिक्षा विकासको मेरुदण्ड हो । त्यसैले कुनै पनि देश विकसित बन्नका लागि त्यो देशको शैक्षिक अवस्था राम्रो हुनुपर्दछ । शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरू विकासको दृष्टिकोणले उच्च अवस्था तर्फ लागेको पाइन्छ । राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रलाई मुख्य मेरुदण्डको रूपमा राख्दा देश विकासको गति तिव्र हुन जान्छ । आजका बालबालिकाहरू भोलिका देश निर्माताहरू हुन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन सक्छ । बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक स्रोत वितरण हुन आवश्यक छ । यसका लागि शिक्षामा लगानी अपरिहार्य रहेको छ ।

नेपालको संविधानले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरिएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरिएको छ । यसैका आधारमा नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्वपूर्ण आधारको रूपमा लिएको पाइन्छ । सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो । संविधानले व्यवस्था गरे अनुसार माध्यमिक तहको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो । शिक्षा साझा विषय भएकोले वित्तीय व्यवस्थापनमा संघ र प्रदेशले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ । स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवश्यक छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ऋणको व्यवस्था समेत गर्न सकिन्छ ।

नौगाड गाउँपालिकाले पनि संघ, प्रदेश तथा विभिन्न निकायहरुसँग समन्वय गर्दै बजेट परिचालन गरी शैक्षिक क्षेत्रमा व्यवस्थापन गर्दै आएको छ । यस गाउँपालिकाले शिक्षामा आवश्यक पर्ने केन्द्रीय, प्रादेशिक र स्थानीय बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रका उपलब्धिहरू हासिल गर्न प्रयास गरिरहेको छ । शिक्षक कर्मचारीहरूको तलब भत्ताको व्यवस्था संघीय सरकारले व्यहोर्ने व्यवस्था छ भने स्थानीय सरकारले समेत आफ्नो आन्तरिक स्रोतमा शिक्षक, कर्मचारीहरु नियुक्ति गर्ने गरेको छ । यसका अलवा निजी क्षेत्रले समेत गाउँपालिका भित्र विद्यालयहरू स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिँदै आएका छन् ।

बिकासको मेरुदण्ड भएकोले शिक्षा क्षेत्रमा पर्याप्त बजेट सहित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहेको छ । राज्यले शिक्षा क्षेत्रमा क्रमश लगानी पनि बढाउँदै लगेको अवस्था छ । विगत २०७३-२०७४ पछाडि कुल बजेटको ९-११ प्रतिशतको हाराहारीमा संघीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरिएको पाइन्छ । नेपालको शिक्षामा वैदेशिक सहायता पनि एक मुख्य स्रोतको रुपमा रहेको छ ।

नौगाड गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहको स्रोतलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गर्दै आएको छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र स्थानीय तहले आवश्यकता अनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ । नपुग शिक्षकहरू थप गर्ने, आइसिटीका लागि बजेट व्यवस्थापन, शिक्षकहरूलाई



प्रमुख प्रशासकीय अधिकृत

तालिम र प्रोत्साहन, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको छ । सुत्केरी महिला शिक्षक विदा बसेको अवस्थामा सट्टा शिक्षकको व्यवस्थापन समेत स्थानीय तहले प्रारम्भ गरेको छ । तीन वटै तहको सरकारबाट संयुक्त रुपमा विनियोजित विगत ५ वर्षको शिक्षा क्षेत्रको बजेटलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### ६.२ उदेश्य

- शिक्षाक्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध स्रोतका आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ६.३ रणनीतिहरू

- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा बृद्धि गर्ने ।
- विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने ।
- वार्षिक रुपमा कूल बजेटको "प्रतिशत बजेट" शिक्षाक्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
- वित्तीय व्यवस्थापन क्षामतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
- लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ६.४ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरुः**

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भई वित्तीय सुशासन कायम भएको हुनेछ ।

### ६.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

क. संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित जेट(रु. हजारमा)

| क.सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | सहयोगी | ३७८० | ३७८० | ४००० | ४००० | ४००० | १९५६० | ३९१२० |



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यकर्ता पारिश्रमिक | | | | | | | |
| २ | प्रतिविद्यार्थी लागत | २६७ | २६७ | २६७ | ३०० | ३०० | १४०१ | २८०२ |
| आधारभूत शिक्षा | | | | | | | | |
| १ | शिक्षक तलब भत्ता | ६०००० | ६६००० | ७२६०० | ७९८६० | ८७८४६ | ३६६३०६ | ७३२६१२ |
| २ | छात्रवृत्ति | १२०० | १२१० | १२३० | १२५० | १२७० | ६१६० | १२३२० |
| माध्यमिक शिक्षा | | | | | | | | |
| १ | शिक्षक तलब भत्ता | १२००० | १३२०० | १४५२० | १५९७२ | १७५७० | ७३२६२ | १४६५२४ |
| २ | छात्रवृत्ति | | | | | | | |
| ३ | प्रतिविद्यार्थी लागत | २९३ | २९५ | २९८ | ३०० | ३०१ | १४८७ | २९७४ |
| ४ | निशुल्क पाठ्यपुस्तक | १८०० | १८०० | २००० | २१००० | २२००० | ४८६० | ९७२० |
| ५ | भवन निर्माण | १०८०० | १०८०० | ११२०० | १२००० | १३००० | ५७८०० | ११५६०० |
| ६ | सूचना प्रविधि | १९५० | १९५० | १९५० | १९५० | १९५० | ९७५० | १९५०० |
| ७ | संस्थागत विकास | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७००० |
| ८ | शिक्षण सहयोग अनुदान | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५०० |

ख. प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु हजारमा)

| क.सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| बालविकास र शिक्षा | | | | १०० | १०० | १०० | ३०० | ६०० |

ग. स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क.सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| बालविकास र शिक्षा | | ४५०० | ४५०० | ४५०० | ४५०० | ४५०० | २२५०० | ४५००० |
| शिक्षक तलब भत्ता | | ३०००० | ३५००० | ४०००० | ४५००० | ५०००० | २००००० | ४००००० |
| भवन निर्माण | | ३००० | ३२०० | ३५०० | ४००० | ४२०० | १७९०० | ३५८०० |
| सूचना प्रविधि | | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० | १३०० |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संस्थागत विकास | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० |
| शौचालय | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० |
| शिक्षक प्रत्साहन | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० |
| खानेपानी | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| शिक्षक तालिम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| नमुना विद्यालय छनौट | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० |

घ. अन्य संघ संस्थाबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क.सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| बालविकास र शिक्षा | | १०० | ५०० | ५५० | ६०० | ६५० | २४०० | ३००० |
| शिक्षक तलब भत्ता | | | | | | | | |
| भवन निर्माण | | | | | | | | |
| सूचना प्रविधि | | | | | | | | |
| संस्थागत विकास | | | | | | | | |
| शौचालय | | | | | | | | |
| शिक्षक प्रत्साहन | | | | | | | | |
| खानेपानी | | | | | | | | |
| शिक्षक तालिम | | १०० | ४०० | ४०० | ४५० | ५०० | १८५० | २५०० |
| नमुना विद्यालय छनौट | | | | | | | | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद ७

## अनुगमन तथा मुल्याङ्कन

### ७.१ वर्तमान अवस्था

शैक्षिक कार्यक्रमहरुमा स्रोतसाधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिकाअनुसार समयमै कान्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यपवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारीताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम संचालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछ ।

नौगाड गाउँपालिकामा वार्षिक नीति बजेट तथा कार्यक्रम अनुसार संचालित गतिविधिहरुको अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्नका लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको छ । अनुगमन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ । योजना तथा शैक्षिक कार्यक्रम, शैक्षिक गतिविधिहरुको अनुगमन तथा निरीक्षण गरी एकीकृत प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा समिक्षा गर्ने गरिएको छ । अनुगमन कार्यमा सूचना प्रविधिको प्रयोग तथा विस्तार गर्दै लगिएको छ । विद्यालयमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सुपरीवेक्षण गरी शिक्षकहरुलाई पृष्ठपोषण तथा पेशागत सहयोग गरिएको छ । त्यसैगरी, शिक्षकहरुको पेशागत सहयोगका लागि समय समयमा अन्तरक्रिया, कार्यशाला, गोष्ठी संचालन गरिदै आइ रहेको छ ।

समुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धीलाई सवलीकरण गर्ने उद्देश्यले विद्यार्थी उपलब्धी परीक्षण गरी त्यसको नतिजा विश्लेषण तथा पृष्ठपोषण, उपचारात्मक शिक्षण गरिदै आएको छ । विद्यालयहरुको कार्यसम्पादन परीक्षणका आधारमा विद्यालयहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने, उत्कृष्ठ प्र.अ., उत्कृष्ठ शिक्षकहरुलाई प्रोत्साहन उपलब्ध गराउँदै आएको छ ।

### ७.२ उदेश्य

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु ।



प्रमुख प्रशासकीय अधिकृत

### ७.३ रणनीतिहरु

- प्रभावकारी अनुगमनका लागि संयन्त्र निर्माण गर्ने ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
- विद्यार्थी उपलब्धी परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
- योजना अन्तरगत संचालित कार्यक्रम तथा परियोना वा क्रियाकलापहरुको नियमित आवधिक, मध्यावधिक तथा अनतम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ७.४ उपलब्धि, मुख्य नतिजाहरु, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

- शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरुलाइ समय मै पहिचान गरी अपेक्षित उपलब्धि प्राप्त हुने ।

### ७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण | पटक | १ | | | | | १ | २ | |
| ३ | मार्गदर्शन प्रबोधीकरण | पटक | १ | | | | | १ | २ | |
| ४ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | पटक | निरन्तर | | | | | | | |
| ५ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार तथा अद्यावधिक गर्ने | पटक | १ | | | १ | | २ | ५ | |
| ६ | स्थानीय तहले आफुले कार्यान्वयन गरेका | निरन्तर | | | | | | | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको अनुगमन गर्ने | | | | | | | | | |
| ७ | कार्यक्रम कार्यान्वयनको चौमासिक, वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ८ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ९ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | प्रत्येक वर्ष | | | | | | | |
| १० | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

नौगाड गाउँपालिका १० वर्षे शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत

# अनुसूचीहरु

## अनुसूची १

### शिक्षा योजना कार्यान्वयनका लागि सम्भावित साझेदार निकायहरु

नेपाल सरकार
सुदुरपश्चिम प्रदेश सरकार
गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरु
सामुदायिक ग्रामीण विकास समाज
एकीकृत विकास समाज नेपाल
विश्व खाद्य कार्यक्रम
विश्व शिक्षा नेपाल
गुड नेवर्स इन्टरनेशनल
मर्सिक्र्प्स/सप्रोस नेपाल
सिटिईभिटी
अन्य सरकारी गैरसरकारी संघसंस्था
सामुदायिक विकास केन्द्र डोटी
युनिसेफ
ब्रिटिस काउनसिल
एजुकेशन पेज

नौगाड गाउँपालिका १० वर्ष शिक्षा क्षेत्र योजना



प्रमुख प्रशासकीय अधिकृत